मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १७७ | २०८० साल वैशाख २६ गते मंगलबार | Tuesday 9, May. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

मित्र

पृष्ठ २ मा
कृषक पहिचानपत्र वितरण सुरु

पृष्ठ ३ मा
पार्किङ निर्माण नगर्न अदालतको आदेश

पृष्ठ ४ मा
एक दशकपछिको नेपाल : सामूहिक पलायनको त्रास

पृष्ठ ५ मा
बजेटबारे दुई पूर्वअर्थमन्त्रीको सुझाव

पृष्ठ ६ मा
मनाइयो विश्व रेडक्रस दिवस

पृष्ठ ७ मा
जातीय हिंसा चर्केको मणिपुरको पछिल्लो अवस्था के छ ?

पृष्ठ ८ मा
प्रदेशको बजेट बनाउँदै कर्मचारी

## 'शिक्षक सरुवा आतंक होइन, सुधार हो'




- शिक्षकहरुलाई वीरगंज महानगरभित्रै सरुवा गरेका हौँः मेयर
- शिक्षक संघसंगठनको नयाँ अन्वेषण जरुरी छः कार्यकारी अधिकृत
- २०५२ को दरबन्दीका शिक्षकले पढाइरहेका छन्ः शिक्षा अधिकृत
- जनप्रतिनिधिको छोरा किन सामुदायिकमा पढ्दैनन्ः शिक्षक नेता

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महानगरको शिक्षा सुधारकै लागि शिक्षक सरुवा गरिएको बताएका छन् । उनले शिक्षक सरुवालाई आतंककै रुपमा प्रचार भइरहँदा भने, 'मेरै पार्टीले असहयोग गरे पनि पछि हट्दिनँ, यो शिक्षामा सुधारको प्रयास हो, शिक्षक सरुवा हुन्छ-हुन्छ ।'

टिभी वीरगंजले गरेको 'जनता जानेके चाहता' कार्यक्रम अन्तर्गत वीरगंज महानगरको सामुदायिक विद्यालयको सुधारबारे छलफलमा प्रमुख सिंहले बितेको ११ महिना वीरगंज महानगरको शिक्षाको विकासमा क्रियाशील रहेको बताए ।

उनले भने, 'सामुदायिक विद्यालयमा ६ घण्टा पढाइ हुनै पर्छ, सामुदायिक विद्यालयले सरस्वती पूजाका नाममा समेत रकम महानगरबाट पाउनेछ, कहाँबाट ल्याएर दिने भन्ने चिन्ता तपाईंहरुको होइन, महानगरको हो, तपाईंहरु काम गर्नुहोस् ।'

प्रमुख सिंहले एउटा शिक्षकले राम्रो गरिरहेको पाइएपछि अर्को विद्यालय पनि राम्रो बनाउनसक्छ भनेर सरुवा गर्दा अपराध भयो जसरी गुनासो आइरहेको बताए । उनले भने, 'म पनि एउटा पार्टीमा छु, पार्टीबाटै दबाब आउन थाल्यो कि सरुवा रोक्नु पर्‍यो ।' 'हामी महानगरको रणनीतिअनुसार शिक्षकलाई सक्रिय हुन आग्रह गर्दछौं,' मेयर सिंहले भने, 'के के चाहिन्छ, हामी दिन तयार छौं, तर सरुवालाई आतंक नठान्नुहोस्, यो शिक्षाक्षेत्रमा सुधारको एउटा प्रक्रिया मात्रै हो ।'

'वीरगंज महानगरभित्र न सरुवा गरेको हौं, दोस्रो गाउँपालिकामा त पठाएको होइन,' सिंहले भने, 'व्यवस्थापन समितिको चुनावमा खसी काटेर भोज खाने चलन त अन्त्य गर्नैपर्छ, त्यहाँ त पक्कै बजेट गोलमाल हुन्छ नि !'

प्रमुख सिंहले स्वयम्सेवक शिक्षक माग गरिरहेको र नपुग शिक्षकको व्यवस्थाको विकल्प हुनसक्ने बताए ।

यस्तै, महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले वीरगंजका सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाउने भन्नेमै महानगरले काम गरिरहेको बताए । उनले सीमित स्रोतसाधनमा शिक्षणमैत्री बनाउन महानगर क्रियाशील रहेको बताए । 'शिक्षक संघसंगठनको अब राजनीतिक औचित्य त्यति धेरै छैन तर शिक्षणमा नयाँ अनुसन्धान, विकास, अन्वेषण गर्नु भयो भने औचित्य पुष्टि हुन्छ र सामुदायिक विद्यालयको उन्नयनमा काम आउँछ,' पौडेलले भने, 'दीर्घकालीन शैक्षिक रणनीति बनाएर जानु पर्छ, हामी तयारी गरिरहेका छौं । विद्यमान जनशक्तिबाट सम्भव नभए पनि प्राथमिकतामा राखेर स्वयम्सेवक शिक्षक राखेर नपुग शिक्षक राखेर जाने काममा अघि बढेका छौं ।'

'तपाईंसँग विशेष गुण छ भने अर्को विद्यालयमा स्थानान्तरण गर्न र पुनर्ताजगी गर्न सरुवा गरिएको भन्ने बुझ्न जरुरी छ,' पौडेलले भने, 'त्यहाँ गएर राम्रो काम गर्नु भयो भने त चाँडै सरुवा हुनसक्छ, तर हतोत्साही गरियो भनेर किन गुनासो गर्नुहुन्छ ?' कार्यक्रममा वीरगंज महानगरका शैक्षिक महाशाखा प्रमुख अरविन्द कर्णले भने, '२०५२ मा तोकिएका शिक्षकको दरबन्दी व्यवस्थापनमा वीरगंजका सामुदायिक विद्यालयमा पढाइ भइरहेको छ, त्यसलै गति लिन नसकेकै हो ।' उनले महानगरमा २ सय ९९ शिक्षक दरबन्दी खाली रहेको बताउँदै अपुग भएर पाठ्यपुस्तकको पैसा नपठाइएको र भर्ना अभियान सकिएपछि पठाइने बताए । यस्तै, नेपाल शिक्षक महासंघका अध्यक्ष तीर्थराज यादवले वीरगंज महानगरभित्रका सामुदायिक विद्यालयमा सुधार भइरहेको बताए । उनले भने, 'स्थानीय शिक्षा ऐन त बन्यो तर शिक्षा ऐनमा मेयर, अरु जनप्रतिनिधि र शिक्षक सबैको छोराछोरी पनि सामुदायिक विद्यालयमा पढ्ने भनेर किन नलेखिएको ?'

नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव दीपेन्द्र चौहानले जनप्रतिनिधिले

- बाँकी पृष्ठ २ मा

**वीरगंजमा शैक्षिक तथ्यांकः**

*विद्यार्थी संख्याः ८४,५१२*
*सामुदायिकका विद्यार्थी : ४५,६९०*
*निजीका विद्यार्थी : ४०,०००*
*सामुदायिक विद्यालयः ९०*
*माध्यमिक संख्याः २१*
*निम्नमाध्यमिक संख्याः १५*
*प्राथमिक विद्यालयः ५४*
*निजी विद्यालय संख्याः १ सय २५*
*शिक्षक संख्याः ७ सय ७८*
*बालविकास शिक्षिकाः १ सय ६८*
*शैक्षिक बजेटः ६३ करोड रुपैयाँ*

## समस्या पहिचानपछि समाधानः सभामुख



**मधेशदृष्टि**
**जनकपुरधाम ।** मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले हरेक मानवले बाँच्न पाउनेलगायतका आधारभूत अधिकार सदुपयोग गर्नुपर्ने बताएका छन् ।

सोमबार अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गरेको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको सवालमा प्रदेश सरकारको दायित्व र भूमिका विषयक कार्यशालामा सभामुख मण्डलले सामाजिक रुपान्तरणका लागि नागरिकका हरेक समस्या पहिचान गरी समाधान गर्न जरुरी रहेको बताए । उनले समाजमा नागरिकसँग जोडेर विकास भए मात्रै सार्थक हुने बताए ।नवयुग निर्माणका लागि समयअनुसार आफूलाई परिवर्तन गर्नुपर्ने भन्दै सभामुख मण्डलले भ्रष्टाचार निवारणका लागि सरकारले अग्रसरता लिनुपर्ने अवस्था रहेको बताए ।

कार्यक्रममा प्रदेश सांसद शारदा थापा, शारदा पहाडी, मानवअधिकारकर्मी मञ्जु खतिवडा, मुख्यन्यायाधीवक्ता वीरेन्द्र ठाकुरलगायतकाले बोलेका थिए ।

## आर्थिक मन्दीले सबै आक्रान्त

**मधेशदृष्टि**
**वीरगंज ।** जनता समाजवादी पार्टी नेपाल (जसपा) का सांसद् प्रदीप यादवले देशमा आर्थिक गतिविधि सुस्त भएको बताएका छन् ।

सोमबार प्रतिनिधिसभा बैठकमा सांसद् यादवले आर्थिक गतिविधिमा सुस्तता आएको र निजी क्षेत्र, उपभोक्ताले महंगीको मार खेपिरहनु परेको बताए ।

चालू आर्थिक वर्षमा १.८६ प्रतिशत मात्रै आर्थिक वृद्धिदर हुने प्रक्षेपण आउँदै गर्दा लगातार पछिल्लो तीन त्रैमासमा आर्थिक वृद्धिदर नकरात्मक भएको बताउँदै उनले देश आर्थिक मन्दीतर्फ होमिइको बताए । उनले सरकारले लक्ष्यअनुसार खर्च नगर्ने, निजी क्षेत्रमा बैंकको कर्जा निरुत्साहित हुने, अघिल्लो तीन त्रैमासमा लगातार ऋणात्मक आथिृक वृद्धिदर हुने कारणले अर्थतन्त्र शिथिल र मन्दीतर्फ होमिएको उल्लेख गरे ।

मौसमी प्रभाव समायोजित भएर आएको वृद्धिदरको आँकडाले आर्थिक जर्जरतातर्फ मुलुक प्रवेश गरेको देखिने बताउँदै सांसद यादवले मन्दीले सबै तह र तप्कालाई छोएको बताए ।

## संसदमा सांसद अर्धनग्न !

**मधेशदृष्टि**
**वीरगंज ।** प्रतिनिधिसभाको सोमबारको बैठकमा आकस्मिक समयमा बोल्न नदिएको भन्दै सांसद अमरेशकुमार सिंहले लुगा फुकालेर (अर्धनग्न भएर) विरोध जनाएपछि भाइरल भएका छन् ।

सभामुख देवराज घिमिरेले बैठकको सुरुमै आकस्मिक समय नरहेको र सोझै कार्यसूचीमा प्रवेश गर्ने बताएपछि केही सांसदले बैठकमा उभिएर त्यसको विरोध जनाए । सांसद सिंहले पनि आकस्मिक समयमा बोल्न पाउनुपर्ने भन्दै सभामुखलाई आग्रह गरे ।

तर सभामुख घिमिरेले बोल्ने समय उपलब्ध नगराएपछि लगाएको सर्ट फुकालेर विरोध जनाए ।

सांसद सिंहले संसद्को मर्यादाविपरीत क्रियाकलाप गरेको भन्दै सभामुख घिमिरेले प्रतिनिधिसभा नियमावली २०७९ को निमय ३० अनुसार पटकपटक चेतावनी दिएपछि सांसद सिंह आफ्नो स्थानमा बसे ।



### कारबाही के हुन सक्थ्यो ?

प्रतिनिधिसभा नियमावली, २०७९ को नियम २१ मा छलफलमा भाग लिने सदस्यले पालन गर्नुपर्ने नियमबारे उल्लेख छ ।

नियम २१ को खण्ड 'घ' मा भनिएको छ, 'अशिष्ट, अश्लील, अपमानजनक, आपत्तिजनक शब्द वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी बोल्ने र कुनै व्यक्ति, जाति, धर्म, भाषा वा लिंगलाई होच्याउने वा अरु कुनै किसिमले असर पर्ने गरी बोल्ने र असंसदीय शब्द प्रयोग गर्न नहुने ।'

नियम ३० अनुसार अभद्र व्यवहार गर्ने सदस्यलाई आफ्नो व्यवहार नियन्त्रण गर्न सभामुखले चेतावनी दिन सक्नेछ ।

नियम ३१ अनुसार बैठक कक्षबाट बाहिर जान आदेश दिनसक्ने ।

नमाने मर्यादापालकको सहयोगमा बााहिर निकाल्न सक्ने । यसरी निकालिएका सांसद ३ दिनसम्म बैठकमा सहभागी हुन नपाउने ।




# निजगढमा अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगिता हुने

**मधेशदृष्टि**

**बारा ।** निजगढमा जेठको पहिलो साता अन्तर्राष्ट्रियस्तरको तेक्वान्दो प्रतियोगिता हुने भएको छ । मधेश प्रदेश तेक्वान्दो संघको आयोजनामा जेठ ४ गतेदेखि प्रतियोगिता हुन लागेको हो । जेठ ६ गतेसम्म हुने प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, भुटान, कोरिया र जापानका खेलाडीले सहभागिता जनाउने छन् । मधेश प्रदेश तेक्वान्दो संघका अध्यक्ष पेमासिद्धि लामाले सात वटा देशका दुई सय ४० खेलाडीले प्रतियोगितामा सहभागिता जनाउने जानकारी दिए । प्रतियोगिताबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष लामाले गेरोगी फाइटतर्फ एक सय ८० र पुम्सेतर्फ ६० खेलाडीले प्रतिस्पर्धा जनाउने बताए । उनका अनुसार गेरोगीतर्फ १३ वटा तौल समूहमा प्रतिस्पर्धा हुनेछ भने पुम्सेतर्फ १० वर्षदेखि १८ वर्षसम्मको विभिन्न प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा नेपालबाहेक अन्य देशबाट बढीमा पाँच जना खेलाडीले सहभागिता जनाउनेछन् भने नेपालबाट आयोजकसहित सबै प्रदेशका खेलाडी सहभागी हुनेछन् । नेपाल तेक्वान्दो संघ र अन्तर्राष्ट्रिय मापदण्डअनुरुप सञ्चालन हुने प्रतियोगिता प्रविधिमैत्री हुने आयोजकको दाबी छ । अन्तर्राष्ट्रियस्तरका रेफ्रीको उपस्थितिमा हुने प्रतियोगितालाई व्यवस्थित र विवादरहित बनाउन प्रविधि प्रयोगमा ध्यान दिएको मधेश प्रदेश तेक्वान्दो संघका महासचिव राजकुमार लामाले बताए ।

लामाले मोफसलमा पनि विद्युतीय प्रविधि प्रयोग गरी व्यवस्थितरूपमा प्रतियोगिता आयोजना गर्न सम्भव रहेको सन्देशसमेत प्रतियोगिताले दिने बताए । उनका अनुसार प्रतियोगितामा सहभागीमध्ये ५० खेलाडीको दुर्घटना वीमासमेत गरिएको छ । प्रतियोगिता सफल बनाउन निजगढ नगरपालिका र महागढीमाई नगरपालिका मुख्य सहयोगीका रूपमा आयोजकका सहयोगी भएका छन् । संघका केन्द्रीय सदस्य गुरुप्रसाद गौतमले मधेश प्रदेश सरकार, राखेपसहित बाराका अन्य स्थानीयले तहले समेत सहयोग गर्नेमा आशावादी रहेको बताए । खेलकुदसँगै मधेश प्रदेशको पर्यटन प्रवर्द्धनसँग जोडिएका कारण पनि मधेश प्रदेश सरकारले प्रतियोगितामा अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने गौतमको भनाइ छ । प्रतियोगिता सञ्चालनका लागि आयोजकले ५९ लाख रुपैयाँको अनुमानित बजेट बनाएको छ । प्रतियोगिताको तयारीका लागि आयोजकले अध्यक्ष लामाको नेतृत्वमा ५० सदस्यीय मूल आयोजक कमिटी र विभिन्न उपसमिति गठन गरेर तयारी गरिरहेको छ । आयोजकले अध्यक्ष लामाको नेतृत्वमा आर्थिक, हेमलाल श्रेष्ठको संयोजकत्वमा प्रतियोगिता तयारी, जितसिंह लामाको संयोजकत्वमा रेफ्री, चित्रबहादुर लामाको संयोजकत्वमा स्वयमूसेवक, सियाराम चौधरीको संयोजकत्वमा प्राथमिक उपचार तथा मेडिकल, नारायण शर्माको संयोजकत्वमा अतिथि सत्कार, मोहन सापकोटाको संयोजकत्वमा खाना तथा बसोबास र केन्द्रीय सदस्य गौतमको नेतृत्वमा प्रचार उपसमिति गठन गरी तयारी गरिरहेको छ ।

# कृषक पहिचानपत्र वितरण सुरु




**मधेशदृष्टि**

**रौतहट ।** सदरमुकाम गौर नगरपालिकामा कृषक पहिचानपत्र वितरण सुरु भएको छ । नगरप्रमुख शम्भु साहले सोमबारदेखि कृषक पहिचान पत्र वितरण कार्य वडा नम्बर ७ का वडा अध्यक्ष हरिशंकर पाण्डेलाई दिएर सुरु गरे । साहले किसानको परिचय पत्र वितरण कृषिको आधुनिकीकरण, कृषि व्यवसायीकरण, उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउनेमा केन्द्रित रहेको बताए । परिचय पत्र वितरणले नगरको किसानको अवस्था, हैसियत, कृषिको क्षेत्र, उत्पादन, मलखादको किसिम समेत खुल्ने उनको भनाइ छ ।

# सबै क्षेत्रमा महिलाको सहभागिता बढ्दो छ : सञ्चारमन्त्री

**पाटन ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले गणतन्त्र पछाडि सबै क्षेत्रमा महिलाको सहभागिता बढ्दै गएको बताएका छन् । मिडिया एड्भोकेसी ग्रुप (म्याग)ले तयार पारेको परराष्ट्र मामिलामा रिपोर्टिङ गर्ने महिला पत्रकारहरूको अवस्थाबारे अध्ययन प्रतिवेदन सार्वजनिक कार्यक्रममा मन्त्री शर्माले यस्तो बताएका हुन् ।

'गणतन्त्र पछाडि सबै क्षेत्रमा महिलाहरूको सहभागिता बढ्दो छ । सामाजिक बनावट, भोगाइका कारण नै पनि महिलाहरूलाई समस्या छ । यति हुँदाहुँदै पनि राज्यका सबै क्षेत्रमा महिलाहरूको सहभागिता बढ्दो छ । यो सकरात्मक पक्ष हो', सञ्चारमन्त्री शर्माले भने, 'महिलाहरू तथा पछाडि परेको समुदायलाई मूलधारमा ल्याउन केही सहुलियत दिनुपर्छ । पुरुषको तुलनामा महिलाहरू पछि परेकै छन्, पत्रकारितामा आउने महिलालाई पेसामा टिकाउने र नेतृत्व विकास गर्नेमा ध्यान दिऔँ । पेसामा टिकिराख्न र प्रतिस्पर्धामा आउन महिलाहरूलाई समस्या छ । यी समस्या हल गर्न ध्यान दिऔँ ।'

सरकारका प्रवक्तासमेत रहेका सञ्चारमन्त्री शर्माले चार महिना लगाएर अध्ययन गरेर तथ्यका आधारमा छलफल चलाउने प्रयास गरेकामा म्यागलाई धन्यवाद दिँदै भोगाइका आधारमा गरिने अध्ययन पनि यथार्थतामा आधारित हुने बताए । उनले छिटोभन्दा छिटो आमसञ्चार ऐन ल्याउन सकियो भने सबैका लागि महत्वपूर्ण काम हुने बताउनुहँदै मिडिया क्षेत्रको सहयोगले सरकारलाई सहयोग पुग्ने धारणा राखे । मन्त्री शर्माले पछिल्लो समयमा नकारात्मक प्रवृत्ति र पात्रलाई स्थापित गर्ने हाबी भएको भन्दै राजनीतिभन्दा पनि पत्रकारिता क्षेत्र धेरै महत्वपूर्ण रहेको धारणा राखे ।

त्यस्तै, नेपालका लागि अमेरिकी राजदूत डिआर थम्सनले पत्रकारिता धेरै जनताले विश्वास गर्न सक्ने हुनुपर्ने बताए । 'यस्ता अध्ययन प्रतिवेदनमा कसरी अध्ययन गरिएको छ र अध्ययनका क्रममा कस्ता प्रक्रिया अपनाइएका छन् भन्ने कुराहरू महत्वपूर्ण हुन्छन् । पत्रकारिता धेरै जनताले विश्वास गर्न सक्ने हुनुपर्छ । यस्ता कार्यक्रममा निरन्तर सहयोग गर्ने प्रयास रहन्छ', राजदूत थम्सनले भने । नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले अध्ययन प्रतिवेदनले पत्रकार महिलाको विगत संलग्नताको पृष्ठभूमि ल्याएको बताए । उनले रिपोर्टमा आएका कुराहरूलाई सन्तोष मान्दै आवश्यक सुधार गरेर अगाडि बढ्नुपर्ने बताए । सत्य कुरा स्थापित हुँदा मिडिया प्रभावकारी हुने र सत्य कुरा स्थापित गर्दै मिडियाको विश्वसनीयता कायम गर्न लाग्नुपर्नेमा जोड दिए । उनले लैङ्गिक समावेशी र प्रभावकारी हुँदा सरकारले सुशासन कायम गर्न सक्ने बताए ।

नेपाली टाइम्सका सम्पादक कुन्दन दीक्षितले मिडिया मात्रै हैन राज्यका सबै क्षेत्रमा लैङ्गिक असन्तुलन रहेको बताए । उनले विदेशी मामिला रिपोर्टिङ भूराजनीतिक रिपोर्टिङ मात्रै नभएको बताउँदै महिलाहरुको सहभागिता बढ्दा पेसाप्रति राम्रो सन्देश जाने बताए । अध्ययन प्रतिवेदनको प्रस्तुतीकरण गर्दै म्यागकी कार्यकारी निर्देशक बबिता बस्नेतले आठ सयजना पत्रकार महिलाहरूमध्ये पाँच सयजना सहभागी महिलाहरूले राखेको धारणाका आधारमा २३ दशमलव ९ प्रतिशत सामाजिक बिटमा, १९ दशमलव ५ प्रतिशत लैङ्गिक तथा महिला, १३ प्रतिशत ३ प्रतिशत राजनीति र ६ दशमलव ६ प्रतिशत महिलाहरू परराष्ट्र मामिला क्षेत्रमा रिपोर्टिङमा क्रियाशील रहेको तथ्याङ्क प्रस्तुत गरेका थिए ।

मिडिया एडभोकेसी ग्रुपकी अध्यक्ष अनिता विन्दुले लैङ्गिक उत्तरदायी कानुन बनाउनका लागि जोड दिन राज्य पक्षलाई घच्घच्याउन आफूहरू क्रियाशील रहने बताए ।

# सर्पदंश उपचार केन्द्रसँगै प्रयोगशाला उद्घाटन



**मधेशदृष्टि**

**रौतहट ।** कटहरिया नगरपालिकाका मेयर अजयप्रकाश जैसवाल र उपमेयर रिता देवी यादवले सर्पदंश उपचार केन्द्र र स्वास्थ्य प्रयोगशाला संयुक्त उद्घाटन गरेका छन् ।

कटहरिया-५ स्थित प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार केन्द्र र प्रयोगशाला उदघाटन भएको हो । केन्द्रमा विशेषज्ञ चिकत्सकको रेखदेखमा सर्पदंशविरुद्धको सुई एन्टिस्नेक भ्याक्सिन लगाएर उपचार गरिने भएको छ । उद्घाटनमा मेयर जैसवाल, उपमेयर यादव, कटहरिया-५ का अध्यक्ष सर्फलाल गुप्ता, ७ का अध्यक्ष समिश विक्रम शाह, प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साह, नगर स्वास्थ्य संयोजक संजिव कुमार जयसवाल, डा.धर्मेन्द्र पटेल, स्वास्थ्यकर्मी दिनेश यादव, योजना प्रमुख रामनरेश यादव, कार्यपालिका सदस्य दिलिप साहलगायतको उपस्थिति थियो । कटहरियामा सर्पदंशको उपचार सुरु भएपछि यसका क्षेत्रका लागि ठूलो उपलब्धी भएको छ । सर्पदंशका बिरामी उपचार गराउन ३० किलोमिटर टाढा गौर तथा ५० किलोमिटर टाढा वीरगंज जानुपर्ने बाध्यता हटेको छ ।

# वीरगंजबाट नयाँ अनलाइन सुरु




**मधेशदृष्टि**

**वीरगंज ।** पर्दाफास मिडियाले पर्साफास डेली डटकम अनलाइन सुरु गरेको छ ।

अनलाइनको प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले उद्घाटन गरे । अनलाइनका सञ्चालक/सम्पादक राघव साहको सभापतित्वमा आयोजित कार्यक्रममा प्रेस काउन्सिल नेपालका पूर्व सदस्य एवम् नेपाल पत्रकार महासंघका केन्द्रिय सचिवद्वय गोविन्द चौलागाइं, दीपेन्द्र चौहान, प्रेस काउन्सिल नेपालका पूर्व सदस्य एवम् पत्रकार चन्द्रकिशोर झा, प्रेस काउन्सिल नेपालका सदस्य लालबाबु शेख, मिडिया काउन्सिल मधेश प्रदेशका कार्यबाहक अध्यक्ष कैलाश दास, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य केसी लामिछाने, मधेश प्रदेश अध्यक्ष राजेश कर्ण, महासचिव श्याम बञ्जारा, जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख हीरालाल रेग्मी, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया लगायतको सहभागिता थियो । मर्यादित पत्रकारिताका लागि पत्रकार आचारसंहिताविषयक विचार गोष्ठी पनि गरिएको थियो ।

# रेडक्रस भवन उद्घाटन

**मधेशदृष्टि**

**वीरगंज ।** पर्साको पकहामैनपुर गाउँपालिका वडानम्बर १ धोरेमा नेपाल रेडक्रस सोसाइटी उपशाखाको भवन उदघाटन भएको छ ।

पकहामैनपुर गाउँपालिकाका अध्यक्ष सुरेश मेहताले भवन उद्घाटन गरेका हुन् । २ वटा कोठा, १ वटा हाल र शौचालयसहित सुविधासम्पन भवनका लागि गाउँपालिकाको निर्धारित बजेटबाट १५ लाख रुपैयाँको लागतमा निर्माण भएको हो । धोरे रेडक्रस उपशाखा उपसभापति त्रिलोकी पाण्डेको अध्यक्षतामा भएको उद्घाटनमा पालिका अध्यक्ष सुरेश मेहतालाई सम्मान गरिएको थियो । कार्यक्रममा जिल्ला महामन्त्री शैलेन्द्र चौरसिया, पकहामैनपुर गाउपालिका वडानम्बर ३ का वडाअध्यक्ष संजय चौहान, वडानम्बर ४ का वडाअध्यक्ष ढेडी यादव, प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहा, लेखापाल निरन्जन पटेल लगायतकाले मन्तव्य राखेका थिए । गाउपालिका अध्यक्ष मेहताले नवनिर्मित भवनलाई जग्गा दान गरेका थिए ।

# आदर्श क्रशर उद्योग प्रा.लि.

**मधेश प्रदेशको पर्सा जिल्ला अन्तर्गत बिरगन्ज महानगरपालिका वडा न.२९ स्थित मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्नको लागि आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचनाबारे ।**

**(प्रकाशित मितिः २०८०/०१/२६)**

मधेश प्रदेश अन्तरगत पर्सा जिल्लाको बिरगन्ज महानगरपालिकाको वडा नं. २९मुसैलीमा आदर्श क्रशर उद्योग प्रस्तावक द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | आदर्श क्रशर उध्योग प्रा- लि; बिरगन्ज महानगरपालिका वडा न २९ मुसैली , पर्सा, मधेश प्रदेश, नेपाल, फोन नं.: ९७७-९८६०७०३०३५ ईमेलः aadarshcrusher@gmail.com |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको पर्सा जिल्ला अन्तरगत बिरगन्ज महा नगरपालिका वडा न. २९मुसैली, स्थित निजी जग्गाको साबिक बसडिलबा बडा न ३ कित्ता नं. २०० , २८२ र २८३ लगायतका क्षेत्रमा मिश्रित बालुवाबाट बालुवा प्रशोधन कार्य गर्न लागिएको छ। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा/गा.पा. | मधेश प्रदेशको पर्सा जिल्लाको बिरगन्ज महा नगरपालिका वडा न २९ वरपरका ठाउँहरु । |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली , जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली रआर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा. /गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको प्रतिनिधिहरुसंग लिखित राय सुझाब लिन आवश्यक भएकोले निम्न ठेगानामा आ-आफ्नो राय सुझाव लिखित रुपमा उपलव्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**तपसिल**

| परामर्शदाताको नाम, ठेगाना | प्रस्तावकको नाम, ठेगाना |
|---|---|
| चित्रान्श मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा लि- ,पुल्चोक,ललितपुर फोन न ९८४९०८७२०२ ईमेलchitranshmulticonsult@gmail.com | आदर्श क्रशर उध्योग प्रा- लि, बिरगन्ज महानगरपालिका वडा न २९, मुसैली पर्सा, नेपाल फोन नं.: ९७७-९८६०७०३०३५ ईमेल:aadarshcrusher@gmail.com |

# 'शिक्षक सरुवा आतंक ..................................

पनि छोराछोरी सरकारी विद्यालयमा पढाउनु पर्ने बताए ।यस्तै, विनोद मेहताले महानगरपालिकाले शिक्षक कर्मचारीको मनोबल कमजोर पारेर हीनताबोध हटाउन नसकेको बताए । यस्तै, कमल चौगाइले वीरगंज कस्तो बनाउने भनेर छलफलमा गरिँदा शिक्षा सुधार्न पहल जरुरी भएको बताए । यस्तै, प्रदीपकुमार जयसवालले नयाँ शैक्षिक सत्रमा कतैबाट बजेट नआएको बताए । सरुवा मात्र गरेर मानसिक तनाव दिइएको बताए । यस्तै, रामेश्वर पटेलले प्रधानाध्यापक अधिकारसम्पन्न नभएको र सहकर्मीबाटै अपमानित हुने अवस्थामा रहेको र शिक्षकलाई ठेकेदार बनाइने काम भएको बताए । अभिभावक संघका अमर गौतमले मासिक शुल्क नलिन भन्दा पनि दुईमहिनाको जोडिएर बिल आएको बताए । शिक्षक रियाज देवानले शिक्षा ऐन संसदबाट पारित भए ९० प्रतिशत समस्या समाधान हुने बताए । शिक्षक सलाउदिज अहमदले सामुदायिक विद्यालय सुधार्न शिक्षकको संघसंगठन नचाहिने बताए ।

कार्यक्रममा पत्रकारद्वय केसी लामिछाने, श्याम बञ्जारा, नेपाली कांग्रेस वीरगंज महानगरका सभापति मनिन्द्रलाल नेपाली, जिल्ला समन्वय सदस्य रेखा साह, शिक्षिका जुजुमाया त्वयनालगायतले शिक्षाक्षेत्रको अवस्थाबारे बोलेका थिए ।

# किसान महासंघमा भगत नारायण

**मधेशदृष्टि**

**रौतहट ।** नेकपा माओवादीनिकट अखिल किसान महासंघ रौतहटको प्रथम जिल्ला अधिवेशन सदरमुकाम गौरमा भएको छ । अधिवेशनले भगत नारायण यादवको अध्यक्षतामा जिल्ला कमिटी गठन गरेको छ । माओवादीका केन्द्रीय सदस्य तथा पूर्व मन्त्री सत्यनारायण भगतको प्रमुख आतिथ्तामा कार्यक्रम भएको हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| | ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरतीः | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ । मनमा दुबिधा उत्पन्न हुनेछ । चोटपटकको भय छ सचेत रहनुहोला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ । जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । मेहनतीहरूका लागि दिन फलदायी रहनेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ ।


**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ । छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो होला ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

# पार्किङ निर्माण नगर्न उच्च अदालतको अन्तरिम आदेश

**मधेशदृष्टि**
**जनकपुरधाम ।** उच्च अदालत जनकपुरले राष्ट्रिय प्राथमिक विद्यालय दशरथनगरको जग्गामा पार्किङ स्थल निर्माण नगर्न जनकपुरधाम उपमहानगरपालिकाको नाममा अन्तरिम आदेश जारी गरेको छ।
उच्च अदालत जनकपुरका न्यायाधीशद्व भोजराज अधिकारी र सागर विष्टको संयुक्त इजलासले यस्तो आदेश जारी गरेको हो ।स्थानीय बलदेव साह तेलीले जनकपुरधाम उपमहानगरपालिका नगरकार्यपालिकाकोकार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदनमा अदालतले यस्तो फैसला गरेको छ।
राष्ट्रिय प्राथमिक विद्यालय दशरथनगरको जग्गा अतिक्रमण गरी नगर सवारी साधन पार्किङस्थल बनाउँदा विद्यालयमा



ध्वनी प्रदुषण बढाउने र विद्यार्थीहरुको पठनपाठनमा पनि ठुलो असर पर्ने भन्दै अदालतले निमार्ण कार्यमा रोक लगाएको हो।
उच्च अदालतले मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५८ र उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरेको छ । अदालतको आदेशमा भनिएको छ, 'विद्यालय क्षेत्रमा नगर बसपार्क निर्माण गर्दा विद्यालय र विद्यालयको पठनपाठनमा पर्न सक्ने असर र त्यसको प्रभावको सम्बन्धमा वातावरणीय अध्ययन भएको र सो प्रभाव सम्बन्धमा अध्ययन गरी न्यूनिकरण तर्फ कारबाही नभएको अवस्थामा मटिहानी गुठी तहसिल तथा खर्च कार्यालय महोत्तरीको नाममा दर्ता रहेको कित्ता नम्बर ६४, ४३ को जग्गामा सञ्चालनमा रहेको राष्ट्रिय प्राथमिक विद्यालय दशरथ नगरलाई असर पर्ने गरी कुनैपनि प्रकारको निर्माण गरी अतिक्रमण नगर्न विपक्षीको नाममा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५८ र उच्च अदालत नियमावली २०७३ को नियम ४२(१) बमोजिम अन्तरिम आदेश जारी गरिएको छ।
'निवेदकको तर्फबाट अधिवक्ता किशोरी साह र कौशलेन्द्र लाल कर्ण तथा विपक्षीको तर्फबाट मन्सुर राईनले बहस गरेका थिए । यसअघि जनकपुरधाम उपमहानगरपालिकाले आधुनिक पार्किङस्थल निर्माणका लागि सो जग्गामा गत माघ २७ गते शिलान्यास गरेको थियो । नगरप्रमुख मनोजकुमार साह र उपप्रमुख किशोरी साहले उपमहानगरको वडा नम्बर-८ दशरथ मन्दिरको छेउमा रहेको करिब १२ कठ्ठा जग्गामा निर्माण हुने पार्किङस्थलको शिलान्यास गरेका थिए।

# मनाइयो विश्व रेडक्रस दिवस




**मधेशदृष्टि**
**रौतहट ।** विश्व रेडक्रस दिवसको अवसरमा रौतहटमा विभिन्न कार्यक्रम गरिएको छ।
रेडक्रसका संस्थापक महामानव हेनरी ड्युनाको जीवनीबारे विचार विमर्श तथा प्रभातफेरी कार्यक्रम भएको छ । जिल्ला सभापति राजकिशोर प्रसाद यादवको नेतृत्वमा कार्यक्रम भएको हो । कार्यक्रममा जिल्ला पदाधिकारी, सदस्य र स्वयम्सेवक र युरेस आइसिटिइ, एचए, क्याम्पस गौरका पदाधिकारी, विद्यार्थी, सदस्य र सर्वसाधारणको सहभागिता थियो । त्यसैगरी राजदेवी नगरपालिका-७ मुडवलवाको नेमधारी वासुदेव नमुना माविमा हाजिरीजवाफ प्रतियोगिता भएको छ । सामुदायिक युवा रेडक्रस सर्कल मुडवलवाको आयोजना तथा स्वरुप मिडियाको समन्वयमा हाजिरीजवाफ प्रतियोगिता भएको हो।

# राकेशलाई कांग्रेसको कार्यबाहक नगर सभापतिको जिम्मेवारी

**मधेशदृष्टि**
**जनकपुरधाम ।** नेपाली कांग्रेसले जनकपुरधामउपमहानगरपालिकाको कार्यबाहक नगर सभापति पदमा युवा नेता राकेश विक्रम साहलाई मनोनयन गरेको छ । नेपाली काँग्रेस धनुषा क्षेत्र नम्बर-३ को क्षेत्रीय कार्यसमितिको निर्णय अनुसार युवा नेता साहलाई कार्यबाहक सभापतिको जिम्मेवारी प्रदान गरिएको छ । साहले समग्र पार्टीलाई आधुनिकिकरण र संगठन उन्नयनमा अझ बढी क्रियाशिल हुने अपेक्षा गरिएको हो।
यसैबीच, युवा नेता साहले आफूले पाएको जिम्मेवारीबाट एक कदम पनि पछाडि नह(ट्ने र आगामि दिनमा पार्टीलाई जनकपुरधाममा अझ बढी सुदृढ बनाउने प्रतिबद्धता जनाएका छन् । क्षेत्रीय कार्यसमितिले आफूलाई यस योग्य सम्झेकोमा उनले सम्पूर्ण कार्यसमितिका पदाधिकारी र पार्टीको नेतृत्वपंक्तिलाई धन्यवाद व्यक्त गरेका छन्। पार्टीको कामलाई अधि बढाउन नै आफूले कार्यबाहक सभापतिको जिम्मेवारी पाएकोले



सदैब निष्पक्ष भएर काम गर्ने साहले बताए। नेपाली कांग्रेसले आइतबार नै धनुषाको मुखियापट्टि मुसरनिया गाउँपालिकाको नगर कार्यबाहक सभापतिको जिम्मेवारी संजित कुमार यादवलाई दिएको छ।

# सिंहको सम्पत्ति छानबिनको माग गर्दै अख्तियारमा उजुरी



**मधेशदृष्टि**
**जनकपुरधाम ।** स्वतन्त्र सांसद अमरेशकुमार सिंहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ।
सांसद सिंहको सम्पत्ति छानबिन गर्नुपर्ने माग गर्दै सर्लाहीका विकास ठाकुरले उनीविरुद्ध अख्तियारमा उजुरी दिएका हुन् ।ठाकुर नेपाली कांग्रेस सर्लाहीका जिल्ला सदस्य हुन्।
उजुरीमा ठाकुरले पदीय शक्तिको दुरुपयोग गर्दै भ्रष्(टाचार गरेको आरोप लगाए । सर्लाहीबाट आर्थिक चलखेलले पटक/पटक निर्वाचित हुँदा पनि त्यस क्षेत्रको समृद्धिका लागि कुनै पहल नगरेको र आफू र आफ्ना नजिकका आफन्तलाई पोस्ने कार्य गरेको उनीमाथि आरोप लगाइएको छ। '२०६३ सालबाट एकैपटक नेपाली कांग्रेसको राजनीतिमा उदाएका सिंहले गरेको आर्थिक फड्को सर्लाही जिल्लाका आम जनता तथा मतदाताका लागि आश्चर्यको विषय बनेको छ । निर्वाचनका क्रममा देखाएको आर्थिक रवाफ तथा मतदाता खरिद गर्न प्रयोग भएको व्यवस्थापनले यति ठूलो आर्थिक हैसियत बनाउनु एक नेताका लागि महत्त्वपूर्ण विषय हो', उजुरीमा भनिएको छ।

# घरभाडा माग्दा वडाध्यक्षले धाकधम्की दिने गरेको आरोप

**मधेशदृष्टि**
**जनकपुरधाम ।** जनकपुरधाम उपमहानगरपालिकाकाएकवडाध्यक्षसँग वडा कार्यालयको घरभाडा माग्दा धाकधम्की दिने गरेको आरोप लगाइएको छ।
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१० का वडाध्यक्ष मिथिलेश कर्णले वडा कार्यालय सञ्चालनमा रहेको घरको भाडा माग्दा उल्टै धाकधम्की दिने गरेको आरोप लगाइएको हो।
स्थानीय राजदेवी यूवा कमिटीका अध्यक्ष प्रदिप मण्डलले कमिटीको भवनमा सञ्चालित वडा कार्यालयको घरभाडा वडाध्यक्ष कर्णले विगत ५ वर्षदेखि उपलब्ध नगराएको र माग्न जाँदा आलटाल



गरी धाकधम्कीसमेत दिने गरेको आरोप लगाएका छन् ।उनले भने, 'वडा कार्यालयले ५ वर्षदेखि पूरानो घरभाडाको बक्यौता रकम तिरेको छैन, जबरजस्ती ठाउँ ओगटेको छ । भाडा माग गर्दा वडाध्यक्ष उल्टै हामीलाई नै धाकधम्की दिन्छन् ।'उनले वडा कार्यालयले वडाका विभिन्न स्थानमा जडान गरेको सिसिटिभी क्यामेराको विजुली बिल पनि कमिटीले नै तिरिरहेको र यस सम्बन्धमा वडाध्यक्ष कर्णसँग गुनासो गर्दा कुनै सुनुवाई नगरेको बताए।
कमिटीका अध्यक्ष मण्डलले वडाध्यक्ष कर्णले वडाको बजेट पनि हिनामिना गरिरहेको र वडामा कुनै काम गर्नुपर्दा कसैसँग राय सुझाब नै नलिई एकलौटी ढंगले बजेट पनि सञ्चालन गर्नुका साथै योजनाहरुमा मनोमानी गरिरहेको आरोप लगाएका छन् ।यता, यस सम्बन्धमा वडाध्यक्ष कर्णले कमिटीका पदाधिकारीहरु परिवर्तन भइरहँदा वडालाई पनि समस्या हुने गरेको सुनाए । आफूले विगतको घरभाडाका लागि उपमहानगरसँग कमिटीको सम्झौतासमेत गराईदिएको उनले बताए।
उनले भने, 'मैले नै पटकपटक कमिटीका पदाधिकारीलाई घरभा(डावापतको रकम लग्न भनिरहँदा कसैले सुनुवाई गरेनन्। मलाई अन्य कामहरु पनि गर्नुपर्ने हुन्छ । एउटै कामका लागि समय बर्बाद गर्न सक्दिन।'




# प्राधिकरणद्वारा छायांकन तथा सम्पादनसम्बन्धी प्रशिक्षण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजनामा सोमबारदेखि श्रव्य-दृश्य छायाङ्कन तथा सम्पादन सम्बन्धी पाँच दिने प्रशिक्षण जनकपुरधाममा सञ्चालन भएको छ।
नेपाल पत्रकार धनुषा शाखाको सभाहलमा आयोजित प्रशिक्षण कार्यक्रमको उद्धाटन गर्दै मधेश प्रदेश सभा सदस्य रामअशिष यादवले २१औं शताब्दिको शक्तिशाली पेशा पत्रकारिता भएकोले सम्वेदनशिल भएर कलम चलाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । 'पत्रकारिता पेशा जति चुनौतीपूर्ण छ, उत्तिकै सम्मानजनक पनि छ' पत्रकार महासंघ शाखाका पूर्व अध्यक्ष समेत रहेका उनले भने '२१औं शताब्दिको शक्तिशाली पेशा पत्रकारिता हो, त्यसैले सम्वेदनशिल भएर कलम चलाउनु जरुरी छ।' मधेश प्रदेश सरकारले पत्रकार र पत्रकारिता क्षेत्रप्रति गम्भीर रहेको बताउँदै प्रदेश सभा सदस्य यादवले आमसञ्चार प्राधिकरणले सञ्चारक्षेत्रमा अघि बढाएका गतिविधिहरु सराहनीय रहेको चर्चा गरे।
न्यूनतम पारिश्रमिक निर्धारण समितिका सदस्य एवम् नेपाल पत्रकार महासंघ धनुषा शाखाका पूर्व अध्यक्ष अनिल कुमार मिश्रले टेलिभिजन, अनलाइन, पत्रपत्रिका लगायतका सञ्चारमाध्यमहरुमा कार्यरत पत्रकारहरुका लागि श्रव्य-दृश्य छायाङ्कन तथा सम्पादन सम्बन्धी तालिम फलदायी रहेको बताए । महासंघ धनुषा शाखाकी अध्यक्ष मनिका झाले पत्रकारिता क्षेत्रमा प्रवेश गर्ने लहर बढे पनि गुणस्तरियताको अभाव रहेको बताइन् । तालिममा सिकेका सीपलाई सम्वन्धित सञ्चारमाध्यमहरुमा प्रयोग गर्न सहभागीहरुलाई उनले आग्रह गरिन् । सामुदायिक रेडियो प्रशारक संघ मधेश प्रदेशका अध्यक्ष मनोज कुमार यादवले आमसञ्चारमाध्यमहरुमा जनशक्ति अभाव रहेको अवस्थामा यस्ता तालिमले महत्वपूर्ण योगदान मिल्ने बताए। मधेश प्रदेशमा युवा पुस्ताका पत्रकारहरुको सहभागिता उल्लेखनीय रहे पनि दक्षता एवम् सीप अभिवृद्धि आवश्यक रहेकोले तालिम आयोजना गरिएको आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले बताए । मधेश प्रदेशका पत्रकार र पत्रकारिता क्षेत्रको प्रवर्द्धनका लागि लोककल्याणकारी विज्ञापन, स्वास्थ्य तथा दुर्घटना बीमा, प्रेस प्रतिनिधि परिचयपत्र, तालिम लगायतका कार्यक्रमहरु प्राधिकरणले अघि सारेको उनले बताए। कार्यक्रममा प्राधिकरणका बोर्ड सदस्यद्वय अमरेन्द्र कुमार यादव, प्रतिमा चौधरी, प्रशासकीय प्रमुख उपेन्द्र कुमार सिंह लगायतले तालिमको सफलताको कामना गर्दै शुभकामना व्यक्त गरे । पाँच दिवसीय उक्त तालिममा मधेश प्रदेशका जिल्लाहरुबाट २६ जना पत्रकारहरुको सहभागिता रहेको छ।

## सम्पादकीय

# संसदको परिदृश्य

सोमबार स्वतन्त्र सांसद डा. अमरेश कुमार सिंहले संसदमा बोल्न नपाइएको भन्दै आफूलाई अर्धनग्नरुपमा प्रस्तुत गर्नु भयो । सभामुख देवराज घिमिरेले ३० पटक चेतावनी दिएपछि उहाँले कपडा लगाउनु भयो । यो व्यवहारले केहीबेर संसदको कार्य प्रभावित भयो । १० वर्षअघि मेक्सिकोमा एक जना सांसदले बोल्दाबोल्दै यसरी नै आफूलाई अर्धनग्न बनाउनु भएको थियो । उहाँले जनता भोकै छन्, नांगै छन् ।

हामी चैँ किन टाइसुटमा रमाउने भन्दै कपडा फुकालेर पनि सम्बोधन गर्नु भयो । नेपालमा भने सांसद सिंहले बोल्न पाइएन भनेर कपडा उतार्नु भयो । यो व्यवहारले संसदको सिंगो कार्यसूची प्रभावित भयो । सभामुखले सिधै कार्यसूचीमा प्रवेश गर्ने भनेपछि बोल्न चाहेका सांसदहरुले बोल्न नपाइएको विषय नै सांसदको कपडा उतार्ने अभ्यासमा जोडिएको हो । डा. अमरेश कुमार सिंहले अरुले चाहेजति बोल्न पाउने, हामीले नपाउने भन्ने विषय नै उठाउनु भएको हो । अरु त्यस्तो केही थिएन । संसदमा सांसदहरुले देखाएको व्यवहारलाई हामीले कसरी लिने ? सांसदहरुले कसरी लिने ? संसदले कसरी लिने ? आआफ्ना विषय भए ।

तर एउटा नयाँ अवतार देखाएर सांसद सिंहले संसदमा बोल्न नपाइने, समय नपाइने विषयमा कटाक्ष गर्नु भएको छ । सांसद जितेर गएका व्यक्तिहरुले बोल्न चाहदा पनि नपाइने विषय पेचिलो बनेको छ । संसदमै पनि यस्तो हुँदोरहेछ भन्ने सन्देश गएको छ । सभामुखले आफ्नो कार्यसूची मात्रै खरर पढेर समय सकाउनु हुँदोरहेछ भन्ने सन्देश सञ्चार भएको छ । यसले संसदभित्रको विषयबस्तु आमजनतामा जाँदा पार्ने असर र प्रभावबारे स्वयम् संसद जिम्मेवार रहन्छ । सभामुखसहितका सभा सञ्चालन समूह नै जिम्मेवार रहन्छन् । एउटा सांसदले अभद्रपन देखाएको भन्दै सभामुखले बोलिरहँदा, चेतावनी दिइरहँदा अरु सांसदहरु तमासेजस्तै मौन बसेर मनोरञ्जित भइरहेको पनि देखिन्छ । यो काम गलत हो भनेर तत्काल रोक्न कोही गएको देखिन्न ।

यसले के संकेत गर्दछ भने सांसदहरुमध्ये कसै न कसैले एकदिन यसो गर्थे नै । पालो पहिलो डा. अमरेश कुमार सिंहको आयो । संसदमा सांसद नांगिएको विषयले सोमबार देशविदेशमा पाएको प्रचारमा नेपालको संसदमा बोल्न नपाइएको विषय बढी प्रसार भएको चैँ समामुखले पक्कै ख्याल गर्नु पर्ने विषय हो । अरु आपत्ति होलान्, नहोलान्, तर बोल्न पनि पाइएन भनेर एउटा सांसद अर्धनग्न हुने वातावरण बनाउने संसद र सभामुख पक्कै जिम्मेवार छन् । आलोचित छन् ।

यो रोग अब प्रदेश सभातिर नझरोस । यसो भनिरहँदा केन्द्रमै पनि फेरि नदाहोरियोस् । कयौँ संगीन मुद्दाहरु छन् । नक्कली भुटानी शरणार्थीको मुद्दा छ । नागरिकता विधेयकमाथि उस्तै आकर्षण छ संसदमा । सांसदहरु नयाँ राष्ट्रपतिबाट प्रमाणीकरण चाहिरहेका छन् । उसो त बजेट कस्तो बन्ने विषयमा सांसदहरु धारणा राखिरहेका छन् ।

बहालवाला सांसदहरु निलम्बनको सूचीमा थपिइरहेका छन् । हरेक प्रकरणमा सभामुख देवराज घिमिरे जोडिनु भएको छ । उहाँले संसदको गरिमाबारे यथोचित व्यवहार गर्दै अब आलोचनाको पात्र नबन्न पनि जरुरी छ । बाँकी रह्यो अर्धनग्न हुने सांसदको कुरा । अर्धनग्न हुँदा अनेक कारबाहीका व्यवस्था छन् । तर बोल्नै नदिने अवस्था कसरी आयो ? सांसदले संसदमा नबोले कहाँ गएर बोल्ने ? यो प्रश्न पनि सभामुखसँगै जोडिएको विषय न भयो ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# एक दशकपछिको नेपाल : सामूहिक पलायनको त्रास

*१५ वर्षपछि नेपालमा ठूलो सन्नाटा छाउनेछ । हालका वृद्धहरू बितिसकेका हुनेछन् भने सिंगो नेपाल युवाविहीन हुनेछ । नयाँ बच्चा जन्माइदिने नेपाली युवा नेपालमा हुने छैनन् । त्योबेला सम्पत्ति बेचेर लगिसकेपछि शून्य रेमिट्यान्सको स्थितिमा नेपाल पैसाविहीन पनि हुनेछ । पैसा र युवाविहीन नेपाल ३ करोडबाट २ करोड अर्थात् 'मास एकसोदस' जनसंख्यामा झरेको नेपाल हुनेछ, सिर्फ ढुंगा र माटोको मृत नेपाल बाँकी रहनेछ ।*

**– सुवास बस्नेत**



नवनिर्वाचित सांसद स्वर्णिम वाग्लेले गत 'उपचुनावी सभा'का क्रममा धेरै पटक यो प्रसंग उठाइरहे- विकसित हुनका लागि अब नेपालसँग १० वर्ष मात्रै छ, त्यसपछि हामी बुढ्यौली समाजतर्फ उन्मुख हुनेछौँ, हामीले जे गर्नु छ, यही १० वर्षभित्र गरिहाल्नुपर्छ । नत्र ढिलो हुनेछ, त्यही हतारोले गर्दा पनि म रास्वपामा प्रवेश गरेँ ।

१० वर्षपछिको नेपालबारे कुरा गर्दा उनले अर्को महत्वपूर्ण पक्ष छुटाए । आज कक्षा १२ पास गरेका अधिकांश विद्यार्थी 'नेपालमा बस्छु' भन्दैनन् । एसईई दिने विद्यार्थीलाई अब 'प्लस टु'मा के पढ्ने भनेर सोध्दा 'बाहिर जानका लागि जे पढ्दा सजिलो हुन्छ, त्यही पढ्ने' भनेर सहजै उत्तर दिन्छन् ।

डा. अच्युत वाग्ले लगायतका अर्थशास्त्रीले नेपालको विश्वविद्यालयमा पढ्ने विद्यार्थी पाइने दिन समाप्तिको चरणमा छ भनेर बारम्बार उल्लेख गर्ने गरेका छन् । हालै काठमाडौँ विश्वविद्यालयले विद्यार्थी नै नपाएकाले विभिन्न विधाका शैक्षिक कार्यक्रम बन्द गर्नुपरेको जनाएको छ ।

काठमाडौँको एक प्रतिष्ठित कलेजका सञ्चालक मेरा नातेदारले बताएअनुसार उनको कजेलमा पढ्ने विद्यार्थीको गुणस्तर अत्यन्त न्यून छ । कक्षा १२ पछिका गुणस्तरीय विद्यार्थी एक जना पनि नेपालमा नटिक्ने, कोही टिकेकै भए पनि भिसा प्रक्रिया पूरा भएर बाहिर जान नपाउञ्जेल सम्मका लागि मात्रै हुन् भन्दै थिए उनी ।

> नेपालीहरू विदेशमा स्थायी रूपले बस्न थालेपछिको पहिलो पुस्ताले बल्ल राम्रोसँग पाइला टेक्न थालेका छन् । उनीहरूले नेपालको सम्पत्ति बेचेर विभिन्न गैरकानूनी माध्यमबाट धमाधम आफू बस्ने देशमा लान थालेका छन् ।

उनको कथनी मान्ने हो भने कलेज बन्द गरेर कलेजमा नै 'कन्सल्टेन्सी' चलाउनुपर्ने स्थिति छ । अहिलेको नयाँ पुस्तालाई नेपालमै बुढ्यौली गुजार्नुपर्ला भन्ने लागेको जस्तो देखिँदैन । त्यसकारण पनि नेपाल विकसित नहुँदा भोलि आफूले दुःख पाइएला कि भनेर सोच्ने समयसमेत उनीहरूसँग छैन । पढ्ने-लेख्ने र सीप भएका युवाहरू पाएसम्म आजै र अहिल्यै नेपाल छोड्न तम्तयार रहेपछि बुढ्यौली त आजै र अहिल्यै शुरू भइसक्यो नि!

केही हप्ता पहिले सरकारले 'अब कक्षा १२ मात्र पास गरेका विद्यार्थीलाई एनओसी नदिइने' भन्ने खालका खबरहरू कतिपय नेपाली मिडियामा छाए । यही विषयलाई लिए विद्यार्थीको सडकमा विरोध प्रदर्शनसमेत भयो । विदेशमा भाषा सिक्न, कुनै छोटो तालिममा जान वा सोसरहका कुनै मासिक, त्रैमासिक वा एकवर्षे कोर्स गर्न विदेश जानलाई एनओसी नदिँदा नेपालमा नै थन्किनुपर्ने भयो भन्ने पिरले छटपटिएका विद्यार्थीहरू त्यस आन्दोलनमा सामेल थिए ।

यसको अर्थ हो, जुनसुकै युवा कुनै पनि बहानामा देशबाट भाग्न चाहन्छ । नेपालमा अधिकृत स्तरीय जागिर छोडेरसमेत विदेश भासिएका छन् ।

यताको हुँदाखाँदाको जागिर छाडेर अमेरिकामा खुशीका साथ 'हटडग' बेच्दै समुद्री तटमा रमेको फोटो फेसबुकमा राख्नु कतिपयको कहानी बनेको छ । युवा पलायनको अवस्था यस्तो छ कि नेपालमा भन्दा विदेशमा कम पैसा नै कमाए पनि नेपालीजन विदेश नै भाग्न चाहन्छ । यस्तो लाग्छ, प्रत्येक व्यक्तिलाई हतारो छ, कसरी र कहिले हुन्छ देशबाट छुटकारा पाऊँ, विदेश भागौँ भइरहेको छ ।

कलेज तथा विश्वविद्यालयले स्नातक पढ्ने विद्यार्थी नपाउने समस्या एउटा भयो, विद्यार्थीहरूले सधैँका लागि नेपाल छोड्ने र विदेशी नागरिक बन्ने एक मात्रै अभिलाषा राख्ने कुराचाहिँ नेपालको दीर्घकालीन विकाशकै लागि चुनौतीपूर्ण हुने देखियो । विद्यार्थीहरू पढ्न र बस्न लाग्ने खर्च पनि आफूसँगै लान्छन् । कालान्तरमा उतैको नागरिक भएपछि पाएसम्मका उपाय लगाएर यताको सम्पत्तिसँगै बचेखुचेका हजुरबा-हजुरआमा र बुवा-आमा पनि विदेश नै लैजानेछन् ।

हालैको एक टेलिभिजन अन्तर्वार्तामा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले एउटा प्रसंग सुनाए । नेपालको पश्चिम क्षेत्रको भ्रमण गर्ने क्रममा उनले २१ वर्षे एक युवकलाई भेटेछन् र तिनीसँग आगामी योजना के छ भनेर सोधेछन् । युवकले आफू चाँडै नै पोल्यान्ड जान लागेको बताए छन् ।

भट्टराईले केही समयपछि त पक्कै फर्कनुहोला नि नेपाल भनेर सोध्दा तिनले ढुक्कैसँग नेपाल किन नफर्कने भन्ने पक्षमा आफ्नो तर्कसहितको जवाफ फर्काए छन् । भट्टराईले अन्तर्वार्तामा ती युवाको कुराले आफूलाई तत्वबोध भएको बताए । यो खासमा घरघरको कथाव्यथा हो, कुनै नौलो र 'तत्वबोध' हुनुपर्ने कुरो थिएन । भट्टराई जत्तिका जानेमानेका राजनीतिज्ञको यस्तो मनोदशा छ । यसले के पनि दर्साउँछ भने, हाम्रा नेतागण स्वार्थ समूह(बाट घेरिएका छन् र जनताबाट टाढा छन् । यसोभन्दा अन्यथा हुँदैन-स्वार्थ समूहहरूको कारिन्दाका रूपमा छन् हाम्रा धेरैजसो नेतागण ।

राजनीतिक दलका नेताहरू जो संसद्मा पुगेर नीति नियम बनाउँछन्, उनीहरू जनताको यथार्थबाट यति टाढा छन् कि जनताको मनोदशासमेत बुझ्दैनन् । सोही कारण पनि होला रवि लामिछानेको पार्टी (रास्वपा)लाई शहरीयाहरूले एकोहोरिएर भोट हाल्दै गर्दा मूलधारका पार्टी र स्थापित नेताहरूले त्यसको पूर्वाकलन गर्न सकेनन् ।

पोर्चुगल, पोल्यान्ड लगायतका देशमा काम गर्न नेपालीहरू जान्छन् । कतिपय सन्दर्भमा त नेपाल जत्तिको समेत कमाइ नहुने देशमा पर्छन् यी । त्यसो हुँदाहुँदै पनि ती युवक किन त्यहाँ जान लालायित छन् त ? किनकि, १० वर्षसम्म कौडी पैसा नकमाई बस्नु परे पनि पोल्यान्डबाट युरोपको कागज बनाउने ध्याउन्न छ उनीहरूको । अर्थात् कमाइ हुने देशमा सर्ने लक्ष्य राखेर पोल्यान्ड जान्छन् उनीहरू ।

किन ८० लाख खर्च गरेर दक्षिण अमेरिकाका जंगलदेखि मेक्सिकोका मरुभूमि पार गर्दै अवैध तरिकाले अमेरिका छिर्न मरिहत्ते गर्छन् नेपाली ? ८० लाख खर्च गर्दै, ज्यान धरापमा राख्दै अमेरिका छिर्न खोज्ने युवालाई त्यति ठूलो रकम लगानी गर्दा नेपालमा नै कुनै ठूलो व्यापार-व्यवसाय गर्न सकिन्छ भन्ने थाहा नहोला र ? नेपालमै आफ्नै केही गर्छु भन्ने सन्तानलाई बाबुआमाले समेत पैसा दिँदैनन्/विश्वास गर्दैनन्, बरु ऋण गरीगरी भए पनि अस्ट्रेलिया पठाउन पर्याप्त लगानी गर्छन् भन्नेबारे धेरैलाई थाहा नभएको होइन ।

गत वर्षको फ्रेबुअरीमा युक्रेनमा युद्ध शुरू भएपछि त्यहाँबाट विदेशीहरू उद्धार गर्ने क्रममा त्यहाँ फसेका करिब दुई सय नेपालीहरूको उद्धार गर्नुपर्ने भन्ने समाचार आयो । भारतले आफ्ना नागरिकलाई उद्धार गरी भारत लैजाने भयो । यसै मेसोमा नेपाल सरकारले नेपालीको समेत उद्धार गरिदिन भारत सरकारसँग अनुरोध गऱ्यो । बर्लिनस्थित नेपाली दूतावासले त्यसका लागि पहल गऱ्यो, नेपालीहरूलाई उद्धारको निम्ति सम्पर्कमा आउन सार्वजनिक आह्वान गऱ्यो ।

तर नेपालीहरू उद्धार भएर नेपाल आउन राजी भएनन् । कोही पनि उद्धारकर्ताको सम्पर्कमा आएनन् । भारतीय विद्यार्थीहरू सस्तोमा मेडिकल शिक्षा लिन युक्रेन गएका थिए, तर हाम्रा नेपालीहरू पश्चिम युरोपको गन्तव्य बनाएर दलालमार्फत विभिन्न देश हुँदै त्यहाँ पुगेका थिए । त्यसपछि त्यहाँका नेपालीहरू उद्धार भएर नेपाल फर्किनुभन्दा ज्यान माया मारेर अवैध बाटोबाट युरोपका विभिन्न देशतिर लागे ।

सन् २०२१ को अगस्टमा जब रातारात अमेरिका सहितका देशहरूले अफगानिस्तान छोडे, त्यहाँस्थित ब्रिटिस सरकारका निकायहरूमा सुरक्षार्थ खटिएका नेपाली गार्डहरूलाई उद्धार गरी बेलायत लागिएको थियो ।

हाल उनीहरूलाई नेपाल नै डिपोर्ट गरिएपछि त्यहाँ ठूलो हंगामा भएको छ । यी गार्ड दाजुभाइ नेपालीहरूको एउटै मात्रै माग बेलायतले बाचा गरेअनुसार उनीहरूलाई जसरी पनि सधैँका लागि बेलायतमा बस्न दिनुपर्छ भन्ने रहेको थियो ।

यस्ता उदाहरण बग्रेल्ती छन् । प्रश्न त उठ्छ नै, आखिर किन कोही युवाले नेपालमा भविष्य देख्नै नसक्ने स्थितिमा पुगेको छ ? नेपालभन्दा कम कमाइ हुने देशमा पनि किन नेपालभन्दा सुरक्षित भविष्य रहेको भान हुन थालेको छ ? घण्टी त्यसै बजेको होइन भनेर कसले बुझ्ने!

**आर्थिक पाटोः**

काठमाडौँ उपत्यकाका सटर धमाधम बन्द भएको, व्यापार व्यवसाय चौपट रहेको, घर भाडामा लाग्न छोडेको, जनतासँग खर्च गर्न पैसा नभएर पूर्ण रूपले आर्थिक मन्दी उन्मुख रहेको हामीले देखिरहेका छौँ । मन्दीका धेरै कारणहरूमध्ये एक प्रमुख कारण सधैँका लागि पलायन हुँदै गरेका पुँजीपति परिवारहरू दिनानुदिन बढ्नु पनि हो ।

हामीले ख्यालै नगरेको कुरा के हो भन्दा, नेपालीहरू विदेशमा स्थायी रूपले बस्न थालेपछिको पहिलो पुस्ताले बल्ल राम्रोसँग पाइला टेक्न थालेका छन् र अब बल्ल उनीहरूले नेपालको सम्पत्ति बेचेर विभिन्न गैरकानूनी माध्यमबाट धमाधम आफू बस्ने देशमा लान थालेका छन् । यसअघि केही हदसम्म भए पनि उनीहरूबाट रेमिट्यान्स भित्रिने गर्थ्यो । तर अब, स्थायी रूपमा विदेशी नागरिकता लिएर आजीवन उतै बसोबास गर्नेहरू दिनानुदिन बढ्दै छन् । अब उनीहरूमार्फत रेमिट्यान्स नेपाल भित्रिने होइन कि, बरु यताको श्रीसम्पत्ति बेचेर उता कसरी लाने भन्नेमा उनीहरूको ध्यान रहनेछ ।

हामीले उच्च तहका अधिकांश बहालवाला वा भूतपूर्व कर्मचारी, सुरक्षाकर्मी, नेता, व्यापारीका सन्तान आदिलाई हेर्‍यौं भने, उनीहरू पारिवारिक रूपमा नै विदेशी नागरिक भएर उतै 'सेटल' भइसकेका वा हुँदै गरेका देख्छौँ । यी परिवारहरूले नै होल्ड गर्ने हुन् नेपालको अधिकांश पुँजी । यसबाट के अनुमान गर्न गाह्रो छैन भने, अब जतिजति नेपाल आर्थिक संकटोन्मुख हुँदै जान्छ, त्यतित्यति नै तीव्र रफ्तारमा ती पुँजीवालाहरूका सन्तान रहेका देशमा यताको सम्पत्ति दिन दुई गुणा, रात चौगुनाका दरले पलायन हुँदै जानेछ ।

कोभिडपछि पुनर्जीवन दिएर चलाउने भनिएको दरबारमार्गको अन्नपूर्ण होटलको हालत के छ भने विगतमा कुनै बेला प्रतिआना सात करोडसम्म मूल्य पुगेको त्यहाँको जग्गा ऋण तिर्न नसकेर अहिले दुई करोडमै डिल गर्न बाध्य हुनुपरेको छ । जोसँग पुँजी छ, उनीहरू नेपालमा भन्दा त बरु बाहिर नै आफ्नो सम्पत्ति सुरक्षित रहन्छ भनेर भएजति पुँजी खुरुखुरु उतै पठाउँदै छन् । यस्तो बेला यता नेपालमा बढ्ने घट्ने केही ठेगान नभएको घरजग्गामा उनीहरूले जोखिम लिएर अब किन लगानी गर्थे ?

> कोभिडपछि पुनर्जीवन दिएर चलाउने भनिएको दरबारमार्गको अन्नपूर्ण होटलको हालत के छ भने विगतमा कुनै बेला प्रतिआना सात करोडसम्म मूल्य पुगेको त्यहाँको जग्गा ऋण तिर्न नसकेर अहिले दुई करोडमै डिल गर्न बाध्य हुनुपरेको छ । जोसँग पुँजी छ, उनीहरू नेपालमा भन्दा त बरु बाहिर नै आफ्नो सम्पत्ति सुरक्षित रहन्छ भनेर भएजति पुँजी खुरुखुरु उतै पठाउँदै छन् । यस्तो बेला यता नेपालमा बढ्ने घट्ने केही ठेगान नभएको घरजग्गामा उनीहरूले जोखिम लिएर अब किन लगानी गर्थे ?

हाम्रो पछिल्लो (विसं. २०७८ को) जनगणनाले अब हामी घट्दो जनसांख्यक देश हुँदै गएको देखाउँछ । यो जनसंख्या घट्ने ग्राफ झन् तीव्र गतिले बढ्ने देखिन्छ । हालसम्म हाम्रा अधिकांश युवा श्रमका निम्ति खाडी जाँदै छन्, उनीहरूले नेपालमा रेमिट्यान्स पठाउँछन् र नेपालको अर्थतन्त्र धानिएको छ । तर प्रश्न उठ्छ- के अबको १५ वर्षपछि हाल खाडी गएकाहरूको सन्तान फेरि खाडी नै जान्छन् त ?

आज जसरी शहरबजारमा बसोबास गर्ने आमाबुवाका सन्तान अमेरिका, अस्ट्रेलिया र युरोप जान्छन्, त्यसरी नै अबको १५ वर्षपछि अहिले खाडी जानेका सन्तान पनि पहिलो विश्व कहलिएका तिनै देशहरू जानेछन् ।

हालसम्म पो खाडी जानेहरूको सपना शहरमा एउटा घर बनाऔँ, बालबच्चालाई राम्रो पढाऔँ, घरमा टेलिभिजन, छोरालाई बाइक किनौँ भन्ने छ र देश अझै चलेको छ ।

१५ वर्षपछि आजकै स्थितिमा खाडी जाने कोही बाँकी नरहँदा कसले किन र केका लागि नेपालमा जग्गा किन्ने, घर बनाउने, बाइक किन्ने ?

हालकै स्थिति कायम रहे, १५ वर्षपछि नेपालमा ठूलो सन्नाटा छाउनेछ । हालका वृद्धहरू बितिसकेका हुनेछन् भने सिंगो नेपाल युवाविहीन हुनेछ । नयाँ बच्चा जन्माइदिने नेपाली युवा नेपालमा हुने छैनन् ।

त्योबेला सम्पत्ति बेचेर लगिसकेपछि शून्य रेमिट्यान्सको स्थितिमा नेपाल पैसाविहीन पनि हुनेछ । पैसा र युवाविहीन नेपाल ३ करोडबाट २ करोड अर्थात् 'मास एकसोदस' जनसंख्यामा झरेको नेपाल हुनेछ, सिर्फ ढुंगा र माटोको मृत नेपाल बाँकी रहनेछ ।

# बजेटबारे दुई पूर्वअर्थमन्त्रीको सुझाव



**काठमाडौँ ।** सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरेपछि अहिले सङ्घीय संसद्मा यस विषयमाथि छलफल सुरु भएको छ।

प्रतिनिधिसभाको बर्खे अधिवेशनको आइतबार भएको पहिलो बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले ‘ आव २०८०/८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस्’ भनी प्रस्तुत गर्नुभएको उक्त प्रस्तावउपर सदनमा सांसदहरुले आ-आफ्नो धारणा राखेका छन्।

सभामुख देवराज घिमिरेले प्रस्तावमाथि लगातार तीन दिनसम्म छलफलका लागि समय निर्धारण गरेका छन् । जसअनुरुप सोमबारको बैठकमा दलीय प्रतिनिधित्वका आधारमा सांसदहरुले धारणा राखेका हुन् । सत्ता साझेदार नेपाली कांग्रेसका सांसद एवम् पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सांसद एवम् पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले आगामी आवको बजेट कस्तो हुनुपर्छ भनी आफ्नो धारणा राखेका छन्।

पूर्वअर्थमन्त्रीद्वयले मुलुकको अर्थतन्त्रको विद्यमान अवस्था, सम्भावित चुनौती र आगामी रणनीतिका सम्बन्धमा विचार व्यक्त गरेका छन्। अर्थतन्त्रलाई सुधारको दिशामा अघि बढाई रोजगारी सिर्जना र दिगो आर्थिक विकासका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा उनीहरुको जोड छ।

कांग्रेसका सांसद एवम् पूर्वअर्थमन्त्री कार्कीले आगामी बजेटको मुख्य उद्देश्य उत्पादन र रोजगारी वृद्धिमा केन्द्रित गर्न सुझाव दिए । उनले भने, ‘स्रोतमा आएको सङ्कुचनका कारणले हामीलाई हौसिएर बजेट बनाउने सुविधा छैन । अहिलेको अवस्थामा लोकप्रिय हैन यथार्थपरक बजेट आवश्यक छ ।’ विश्वअर्थतन्त्रमा कुनै न कुनै प्रभाव रहेको र त्यसको प्रभाव नेपालको अर्थतन्त्रमा पनि परेको उल्लेख गर्दै कार्कीले रोजगारी बढाउने, दिगो र सवल अर्थतन्त्रको विकास गर्ने अठोटका साथ बजेट आउनुपर्ने बताए ।‘मेरो विचारमा नेपालको अर्थतन्त्रले मुख्यतःतीन वटा गम्भीर सङ्कट छन्, जसमा कमजोर आर्थिक वृद्धि, बढ्दो मुद्रास्फीति र उपभोग्य वस्तुको बढ्दो आयात हो‘, उनले भने, ‘आन्तरिक उत्पादन र रोजगारीलाई सबल नबनाइ दिगो आर्थिक विकासको आधार तयार हुँदैन ।’ ‘सरकारले चालु आवमा आठ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिइए पनि राष्ट्रिय तथ्याङ्क विभागले हालै सार्वजनिक गरेको विवरणमा आधारभूत मूल्यमा दुई दशमलव १६ प्रतिशत आर्थिक वृद्धि हुने प्रारम्भिक अनुमान गरेको छ । पुँजीगत खर्च अहिलेसम्म करिब ३१ प्रतिशतमात्रै भएको छ भने चालु खर्च बढेको छ। दुई खर्ब ५२ अर्ब रुपैयाँ विदेशी ऋण ल्याउने लक्ष्य लिइएकोमा ४५ अर्ब रुपैयाँ मात्रै आएको छ । यद्यपि विप्रेषण र विदेशी मुद्राको सञ्चिति बढेकाले केही आशाजनक देखिएको छ,’ कार्कीले भने । उनले ऊर्जा प्रवर्द्धन, कृषिको आधुनिकीकरण र पर्यटनको विकास गरेर मुलुकलाई आत्मनिर्भरको बाटोमा अघि बढाइनुपर्नेमा जोड दिए। अर्थमन्त्री डा. प्रकाशशरण महतले विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिकतामा आर्थिक वृद्धिदर हासिल गर्ने, रोजगारी बढाउने र दिगो र सवल अर्थतन्त्रको विकास गर्ने अठोट गर्नुभएकोप्रति स्वागत र समर्थन गरे।

एमालेका सांसद एवम् पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्रका सम्भावित चुनौतीलाई सामना गर्दै मुलुकलाई आर्थिक समृद्धिको दिशामा अघि बढाउने लक्ष्यका साथ बजेटमा विषयवस्तु आउनुपर्ने बताए । उनले अर्थतन्त्रका परिसूचक नकारात्मक रहेको भन्दै सार्थक पहलकदमी नलिएको खण्डमा आर्थिक मन्दीको समस्या आउनसक्ने खतरा पनि औंल्याए । सोही विषयलाई ध्यान दिएर विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा समावेश गरिनुपर्नेमा उनको जोड थियो।

पूर्वअर्थमन्त्री पौडेलले अर्थतन्त्रको विद्यमान चुनौतीको सामना गर्नेगरी बजेटमा विषयवस्तु समेटिनुपर्ने खाँचो औँल्याउनुभयो । सरकारी निकायबाट भएका अर्थसम्बन्धी तथ्याङ्कलाई सदनमा जानकारी गराएर सोहीअनुरुप नीतिगत सुधारका कार्यक्रम ल्याइनुपर्नेमा जोड दिए । उनले भने, ‘सिद्धान्त र प्राथमिकतामा राजस्व परिचालनका सन्दर्भमा देखा परेका गम्भीर समस्याको पहिचान, कर प्रणालीलाई प्रभावकारी बनाउने, कर चुहावट नियन्त्रण गर्ने र सहकारीलाई व्यवस्थित गरिनुपर्छ जसले अर्थतन्त्रलाई सुधार्न मद्दत गर्छ।’ पूर्वअर्थमन्त्री पौडेलले राष्ट्रिय तथ्याङ्क कार्यालयले गत हप्ता प्रकाशन गरेको तथ्याङ्कअनुसार नेपाली अर्थतन्त्र मन्दीको अवस्थामा पुगेको भन्दै अर्थतन्त्रलाई चलायमान र गतिशील बनाउन बजेट केन्द्रित हुनुपर्ने धारणा राख्नुभयो । ‘अहिले अठोट गर्नुपर्छ नेपाली अर्थतन्त्र समस्यामा छ भन्दै सोहीलाई ध्यान दिएर बजेट प्रस्तुत गरिनुपर्छ,’ उनले भने।

पूर्वअर्थमन्त्री पौडेलले चालु आर्थिक वर्षका तीन त्रैमासमा कूल गार्हस्थ उत्पादन ऋणात्मक रहेकाले मुलुक आर्थिक मन्दीमा गएको पुष्टि भएको बताए । यसलाई गम्भीरतापूर्वक लिएर सुधारका आयामको खाकासहित आगामी बजेटमा समेट्नुपर्ने उनको सुझाव छ । उनले चालु आवको अर्थिक वृद्धिदरको लक्ष्य हासिल हुन कठिनाइ हुने देखिएको र कूल गार्हस्थ उत्पादनको बचत पनि खुम्चिएको तथा राजस्व सङ्कलन पनि राम्रो नभएको अवस्थामा मुलुकको अर्थतन्त्रलाई कसरी चलायमान बनाउने भन्ने चुनौतीपूर्ण रहेको बताए।

सङ्घीय सञ्चित कोष पनि सन्तुलित नरहेको सोमबारको अवस्थामा झण्डै दुई सय अर्बले ऋणात्मक रहेको, निर्यात कम र आयात घटे पनि उत्पादन वृद्धि र रोजगारी सिर्जना र पुँजी निर्माणसँग सम्बन्धित वस्तुको आयात रोकिँदा आयात घटेको जिकिर गरे । ‘बैंक क्षेत्रमा खराब कर्जा बढेको छ, राजस्व प्रभावकारीरुपमा सङ्कलन हुन सकेको छैन भने निजी क्षेत्र त्रासमा रहेका छन्,’ उनले भने, ‘ लघुवित्त र सहकारी क्षेत्रका समस्या विकराल छन् । यस्ता समस्यालाई अर्थतन्त्रलाई खराब दिशामा लगिरहेको छ ।’ उनले निजी क्षेत्रको मनोबल उकास्ने गरी नीतिगत सुधार अपरिहार्य रहेको बताए। रासस

# बजेटमा नराखौँ अमूर्त शब्द



**काठमाडौँ ।** सरकारले हरेक वर्षको नीति तथा कार्यक्रम र बजेटमा राखिने अमूर्त भाषाका सन्दर्भमा प्रश्न उठ्ने गरेको छ । सम्पादन गर्न सकिने वा नसकिने दुवै विषय राखेर तय गरिने कार्यक्रम र बजेट कार्यान्वयन हुन सकेको छैन।

हरेक जसो बजेटमा कार्यान्वयन गरिनेछ, हुनेछ, प्राथमिकतामा राखिनेछ, जोड दिइनेछ भन्ने शब्दहरु धेरै रहने गरेका छन् । यस्ता शब्दले सरकारको प्राथमिकता कुन हो, ती विषय कार्यान्वयनमा जाने हुन् कि होइनन् भन्ने प्रश्न उठ्ने गरेका छन्।

आम मानिसले उठाउँदै आएको र हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा राखिने यस्ता शब्द आगामी वर्ष समावेश नगर्न राष्ट्रियसभाको बैठकमा सरकारको ध्यानाकर्षण गराइएको छ। सांसद नारायण दाहालले भने, ‘कम से कम, आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्न सकिने विषय मात्रै समावेश गरौँ । कार्यान्वयन गर्न नसकिने विषय राख्दै नाराखौँ ।‘ उनले कम्तीमा पनि गरिनेछ, हुनेछ भन्ने शब्दजाल नराख्न अर्थमन्त्री डा प्रकाशशरण महतको ध्यानाकर्षण गराए । बजेट तथा योजना बनाउन हामी विज्ञ छौँ, तर कार्यान्वयन पक्ष फितलो भएको भन्दै उनले भने ‘धेरै विषय गरिनेछ भन्ने कुरा नराखौँ । विकास बजेट खर्च नै हुँदैन। किन त्यस्तो भएको होला भन्ने कुरालाई विशेष ध्यानमा राखौँ ।‘ सांसद दाहालले साधारण खर्च घटाउने संयन्त्र बनाउन र पूँजीगत खर्च नहुनुको कारण पत्ता लगाइ सार्वजनिक खरिद ऐनमा केही जटिलता भए तत्काल निरुपण गर्नुपर्ने बताए। सांसद शारदादेवी भट्टले किसानको माग अनुसार रासायनिक मलकारखाना स्थापनाका लागि बजेट विनियोजन गर्न माग गरे।

सांसद नारायणदत्त मिश्रले मुलुककै बिजुलीबाट चल्ने सवारी साधन, किसानलाई मल बीउको उचित प्रबन्ध गर्न, शिक्षा, स्वास्थ्यमा उचित बजेट विनियोजन गर्न माग गरे । सांसद मदनकुमारी शाह (गरिमा) ले निर्वाहमुखी कृषिलाई आत्मनिर्भर बनाउने गरी बजेटमा प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए । ऊर्जा क्षेत्रको विकास गरेर इन्धन आयातमा भइरहेको ठूलो धनराशि देशभित्रै राख्न सकिने भएकाले त्यसतर्फ ध्यान दिनुपर्ने उनको भनाइ छ। रासस

# बजेटमा विगतकै निरन्तरता: लामिछाने



**काठमाडौँ ।** सरकारले हरेक वर्षको नीति तथा कार्यक्रम र बजेटमा राखिने अमूर्त भाषाका सन्दर्भमा प्रश्न उठ्ने गरेको छ । सम्पादन गर्न सकिने वा नसकिने दुवै विषय राखेर तय गरिने कार्यक्रम र बजेट कार्यान्वयन हुन सकेको छैन।

हरेक जसो बजेटमा कार्यान्वयन गरिनेछ, हुनेछ, प्राथमिकतामा राखिनेछ, जोड दिइनेछ भन्ने शब्दहरु धेरै रहने गरेका छन् । यस्ता शब्दले सरकारको प्राथमिकता कुन हो, ती विषय कार्यान्वयनमा जाने हुन् कि होइनन् भन्ने प्रश्न उठ्ने गरेका छन्।

आम मानिसले उठाउँदै आएको र हरेक वर्ष नीति तथा कार्यक्रम र बजेटमा राखिने यस्ता शब्द आगामी वर्ष समावेश नगर्न राष्ट्रियसभाको बैठकमा सरकारको ध्यानाकर्षण गराइएको छ। सांसद नारायण दाहालले भने, ‘कम से कम, आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्न सकिने विषय मात्रै समावेश गरौँ । कार्यान्वयन गर्न नसकिने विषय राख्दै नाराखौँ ।‘


उनले कम्तीमा पनि गरिनेछ, हुनेछ भन्ने शब्दजाल नराख्न अर्थमन्त्री डा प्रकाशशरण महतको ध्यानाकर्षण गराए । बजेट तथा योजना बनाउन हामी विज्ञ छौँ, तर कार्यान्वयन पक्ष फितलो भएको भन्दै उनले भने ‘धेरै विषय गरिनेछ भन्ने कुरा नराखौँ । विकास बजेट खर्च नै हुँदैन। किन त्यस्तो भएको होला भन्ने कुरालाई विशेष ध्यानमा राखौँ ।‘

सांसद दाहालले साधारण खर्च घटाउने संयन्त्र बनाउन र पूँजीगत खर्च नहुनुको कारण पत्ता लगाइ सार्वजनिक खरिद ऐनमा केही जटिलता भए तत्काल निरुपण गर्नुपर्ने बताए।

सांसद शारदादेवी भट्टले किसानको माग अनुसार रासायनिक मलकारखाना स्थापनाका लागि बजेट विनियोजन गर्न माग गरे।

सांसद नारायणदत्त मिश्रले मुलुककै बिजुलीबाट चल्ने सवारी साधन, किसानलाई मल बीउको उचित प्रबन्ध गर्न, शिक्षा, स्वास्थ्यमा उचित बजेट विनियोजन गर्न माग गरे । सांसद मदनकुमारी शाह (गरिमा) ले निर्वाहमुखी कृषिलाई आत्मनिर्भर बनाउने गरी बजेटमा प्रबन्ध गर्न सरकारको ध्यानाकर्षण गराए । ऊर्जा क्षेत्रको विकास गरेर इन्धन आयातमा भइरहेको ठूलो धनराशि देशभित्रै राख्न सकिने भएकाले त्यसतर्फ ध्यान दिनुपर्ने उनको भनाइ छ। रासस

# आर्थिक विकासलाई केन्द्रमा राखौँः सांसदहरु



**काठमाडौँ ।** राष्ट्रियसभाको सोमबारको बैठकमा सांसदहरुले आर्थिक विकासलाई केन्द्रमा राखेर सरकारले आगामी आर्थिक वर्षको बजेटको प्राथमिकता निर्धारण गरेकामा प्रसन्नता व्यक्त गरेका छन् । जडीबुटी, वनजङ्गल तथा शिक्षा, स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गर्दै सांसदहरुले ठेक्कापट्टामा रहेको समस्या समाधानमा ध्यान दिनुपर्नेमा जोड दिए।

सांसद मायाप्रसाद शर्माले विकास निर्माणमा देखिएको समस्या समाधानका लागि विशेष प्रबन्ध गर्नुपर्नेमा जोड दिए । सांसद दिलकुमारी थापा रावलले चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर तीन प्रतिशतको हाराहारीमा रहने अवस्था आएको सन्दर्भमा ‘फराकिलो आर्थिक’ भन्ने विषय प्रष्ट नभएको बताए। दैनिक ठूलो संख्यामा युवा विदेश पलायन भइरहेको सन्दर्भमा देशभित्रै रोजगारीको प्रबन्ध गर्न, निजी क्षेत्रको समस्या समाधानमा मनोबल बढाउन उनले सरकारको ध्यानाकर्षण गराए। सहकारीले निक्षेप लिएर भागेको, बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण तिर्नुपर्दैन भनेर फैलाइएको अराजकता नियन्त्रणका लागि पनि उनले आग्रह गरे । सांसद कमला पन्तले मुलुकको अर्थतन्त्रमा देखिएको समस्या स्वयम् अर्थमन्त्री र अर्थमन्त्रालयलाई नै थाहा भएकाले खास अर्थमा समाधानको उपाय अपनाउन आग्रह गरे। उनले भने, ‘बिरोलो बाँधेर श्राद्ध’ गर्नेतर्फ भन्दा पनि खास खास अर्थमा गर्न सकिने विषयलाई बजेटमा समावेश गरौँ। हाम्रोमा कार्यान्वयनमा समस्या छ। योजनामा होइन।’

सांसद पन्तले एकीकृत बस्तीको विकासमा ध्यान दिन र मानव जङ्गली जनवारबीचको द्वन्द्व समाधान गर्ने योजना ल्याउन, महिलालाई आर्थिक विकासमा लाग्ने वातावरण बनाउन, ओरालो लागेको शेयर बजारलाई उकालो लगाउने योजना बनाउन अर्थमन्त्रीको ध्यानाकर्षण गराए। सांसद पन्तले एक हजार र पाँच सयको नोट तत्काल प्रतिबन्ध लगाउन माग गरे। यस्तै साधारण खर्च घटाएर पूँजीगत खर्च बढाउन देखिएका समस्या समाधान गर्नुपर्ने बताए। नेपाल राष्ट्र बैंकले सधैँ मौद्रिक नीतिको समीक्षामा नकारात्मक विवरण मात्रै समावेश गरेर प्रकाशित गर्ने गरेकामा आपत्ति प्रकट गरे । रासायनिक मल कारखाना स्थापना गर्ने प्रबन्ध बजेटमा गरिए त्यसले आम किसानको मनोबल बढाउने सांसद पन्तको भनाइ छ। सांसद सिंहदरबहादुर विश्वकर्माले ठूला भौतिक पूर्वाधार तथा ग्रामीण क्षेत्रको वृहत्तर विकास तथा विद्युत् खपत प्रोत्साहन गर्ने गरी बजेट विनियोजन गर्न सरकारलाई सुझाव दिए। नेपाललाई चलचित्र छायाङ्कनस्थलको विकास गर्ने गरी विशेष प्रबन्ध गर्न पनि उनले सरकारको ध्यानाकर्षण गराए। सांसद मृगेन्द्रकुमार सिंह यादवले जनसंख्याको आधारमा बजेटको विनियोजन गर्नुपर्ने, समयमै कार्यान्वयनको प्रबन्ध गर्न, शिक्षा, स्वास्थ्य र कृषिमा उल्लेख्य मात्रामा खर्च गर्ने गरी व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद शेखरकुमार सिंहले जलविद्युत्मा मुलुकले ठूलो प्रगति गरेको भए पनि उद्योग धन्दामा लोडसेडिङ भइरहेको भन्दै समस्या समाधान गर्न आग्रह गरे । त्यसअघि बैठकको सुरुमा नै नेकपा एमालेका सांसद भैरवसुन्दर श्रेष्ठले आइतबारको बैठकमा एक सांसदले संसदीय मर्यादा विपरीतको अभिव्यक्ति दिएको भन्दै त्यसलाई रेकर्डबाट हटाउन माग गरेका थिए। सभाध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले आफूले आइतबारको उक्त अभिव्यक्त सुनेर मात्रै आवश्यक निर्णय गर्ने जानकारी गराएका थिए। रासस

# किसानको बाली जोगाउन ‘बाँदर उद्यान’

**बलेवा ।** जैमिनी नगरपालिका-८ को पुरानो गाउँ बन क्षेत्रमा ‘ बाँदर बगैँचा’ तथा पर्यटकीय क्षेत्र बनाउन पहल सुरुआत गरिएको छ । धार्मिक र ऐतिहासिक स्थलको पर्यटनबाहेक यहाँ जैमिनी नगरपालिकाका बाँदरको सङ्कलन गरेर फरक प्रकारको पर्यटन गन्तव्य बनाउन लागिएको हो। बाँदरको बगैँचा र प्राकृतिक वन्यजन्तु उद्यान बनाउनका लागि नगरपालिकाले सरोकारवालासँग छलफल थालेको हो । जैमिनी नगरपालिका र डिभिजन वन कार्यालय बागलुङको संयुक्त आयोजनामा पुरानो गाउँमा भएको सरोकारवालाको भेलाले बाँदरले दिएको दुःख हटाउन संरक्षण पार्क बनाउने योजना सञ्चालन गर्ने सहमति भएको छ । साथै भेलाले बाँदर पार्क बनाउन आवस्यक सहयोग गरिदिन गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारलाई लेखी पठाउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरिले बताए। भेलामा नगर प्रमुख नरबहादुर पुन, उपप्रमुख हरिहर शर्मा, जिल्ला वन अधिकृत मुकुन्द अधिकारी, सबै वडा अध्यक्ष र कार्यपालिका सदस्य तथा स्थानीय सहभागी थिए। उनीहरुले जैमिनी नगरपालिकाभित्रको बसाइँसराइ रोक्न बाँदर आतङ्क रोक्नुपर्ने धारणा राखेका थिए।

उनीहरुले बाँदर नियन्त्रण भएमा बसाइँसराइ पनि रोकिने आशा व्यक्त गरेका थिए । ‘हामीलाई बाँदरले धेरै दुःख दिएको छ, बालीनाली खाएको छ, नष्ट गरेको छ जसका कारण घरमा खाने केही बाँकी छैन,’ स्थानीय दुर्गाबहादुर थापाले भने, ‘जैमिनी नगरभित्रका बाँदर ल्याएर संरक्षण गरियो भने खेतीपाती लगाएर खान पाइएला ।’ हरेक घरमा बाँदरको हेरालो राख्दा पनि बाली जोगाउन नसकिएको उनले बताए । वडा वडामा बाँदरको समस्या भएपछि कतिपयले घरै छाडेर बसाइ सरेका छन्। घरहरु रित्तिन थालेको र खेतीपाती लगाउने क्रम घटेपछि बस्तीमा छिरेर बाँदरले आतङ्क मच्चाउने गरेको किसानको गुनासो छ । यहाँ बनाउने योजना गरिएअनुसार बाँदरलाई संरक्षण गरेर राख्ने, जङ्गलमै खाने व्यवस्थापन गर्दा समुदायमा खेतीपाती जोगाउने समस्या नहुने सहभागीको भनाइ थियो। त्यसका लागि धेरै बजेट लाग्ने अनुमान छ। नगरपालिकाले डिभिजनसँगको सहकार्यमा डिपिआर बनाउने, लगानीका बाटा खोज्ने र दीर्घकालीनरुपमा बाँदर नियन्त्रण गर्ने लक्ष्य राखिएको जनप्रतिनिधिले बताए । ‘बाँदर नियन्त्रण गर्न सकियो भने कम्तीमा बसाइँसराइ रोक्न सकिन्छ,’ उपप्रमुख हरिहर शर्माले भने, ‘दिनदिनै बसाइ जाने अवस्था भएमा गाउँमा बिकास निर्माण पुग्दा बस्ती रित्तो हुनेछन्,’ खेतबारी बाँझो भएको र आयातको भरमा बाँच्नुपर्दा नगरपालिका दिनदिनै गरिब बनेको उनको गुनासो थियो।

नगर प्रमुख नरबहादुर पुनले त बाँदरको संरक्षण गरेर पर्यटनमा जोड्नुपर्ने धारणा राख्नुभयो । उनले बाँदरबारे अध्ययन गर्न चाहने विद्यार्थीका लागि अध्ययन केन्द्रको रुपमा पनि विकास गर्न सुझाउनुभयो।

# स्वदेशमै विद्युत् खपत बढाउने योजना ल्याउछौँ : मन्त्री

**काठमाडौँ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्ति बस्नेतले सरकारले स्वदेशमै विद्युत् खपत बढाउने स्पष्ट योजना ल्याउने बताउका छन्।

विद्युत् नियमन आयोगको चौथो वार्षिकोत्सव समारोहमा उनले स्वदेशमा विद्युत् खपत क्षमता अभिवृद्धि गरिने बताए। ‘पहिला हाम्रो आवश्यकता पूरा गर्न महत्व दिन्छौँ, घरायसी प्रयोजन, औद्योगिक क्षेत्र, यातायात क्षेत्रमा खपत बढाउन योजनाबद्ध ढङ्गले अगाडि बढ्छौँ‘,’ उनले भने । शतप्रतिशत क्षेत्रमा विद्युतीकरण गर्ने सरकारको नीति रहेको जनाउँदै विद्युतीकरणका लागि सार्वजनिक, निजी र सामुदायिक क्षेत्रको सहयोग अपरिहार्य रहेको बताए।

विद्युत् क्षेत्रलाई व्यवस्थित बनाउन विद्युत् विधेयक सङ्घीय संसद्मा पेस गर्ने तयारी भइरहेको उल्लेख गर्दै मन्त्री बस्नेतले कसरी उत्पादन वृद्धि गर्ने, वितरण र व्यापारका लागि पूर्वाधारको व्यवस्था गर्ने भन्ने विषय विधेयकमा समेटिएको जानकारी दिए।

विद्युत् विकास विभागका महानिर्देशक चिरञ्जीवी चटौतले नेपालको समृद्धिका लागि ऊर्जा क्षेत्रको महत्वपूर्ण योगदान रहेको उल्लेख गर्दै नियामकले आफ्नो भूमिकालाई सबल बनाउँदै लैजानुपर्ने बताए । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोगले नेपालको ऊर्जा क्षेत्रको नियमनमा ध्यान दिनुपर्ने बताए।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान)का अध्यक्ष कृष्णप्रसाद शर्माले निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति दिइनुपर्ने बताए । ‘नेपालको पानी, समृद्धिको खानी’ भन्ने दृष्टिकोणलाई पूरा गर्न निजी क्षेत्रका लागि विद्युत् व्यापारको अनुमति दिइनुपर्ने उनको भनाइ छ।

आयोगका अध्यक्ष दिल्लीबहादुर सिंहले ऊर्जा क्षेत्रको नियमनका लागि आयोगले एक दर्जन नियामक उपकरण बनाएको जानकारी दिँदै आवश्यक अन्य उपकरण निर्माणको तयारीमा रहेको जानकारी दिए । उनले सञ्चालनमा रहेका आयोजना र प्राधिकरणबीचको विवाद समाधान गर्न आयोगले भूमिका निर्वाह गरिरहेको बताए।

विद्युत् उत्पादन, प्रसारण, वितरण वा व्यापारलाई सरल, नियमित, व्यवस्थित तथा पारदर्शी बनाइ विद्युत्को माग र आपूर्तिमा सन्तुलन कायम राख्ने, विद्युत् महसुल नियमन गर्न, विद्युत् उपभोक्ताको हकहितलाई संरक्षण गर्न २०७६ सालमा आयोगको स्थापना भएको हो। रासस

# विश्व रेडक्रस दिवस मनाइयो

**काठमाडौँ ।** 'मनैदेखि सेवा' भन्ने नाराका साथ १६०औँ विश्व रेडक्रस दिवस नेपालमा पनि विविध कार्यक्रम आयोजना गरी मनाइएको छ। विश्वव्यापी परोपकारी मानवीय सस्था रेडक्रसको सस्थापक जँ हेनरी ड्युनाको जन्मदिनका अवसरमा यो दिवस विश्वभर मनाइन्छ।




सन् १८२८ मे ८ मा स्वीट्जरल्याण्डको जेनेभामा ड्युनाको जन्म भएको थियो । ड्युनाले सल्फेरिनोमा भएको युद्धका घाइते सैनिकको बिना भेदभाव गरेको उद्धार र सेवाले नै सन् १८६३ मा रेडक्रसको जन्म दिएका थिए । सन् १८५९ मा ड्युनाद्वारा लिखित 'मेमोरी अफ सोल्फेरिनो' (हृदयस्पर्शी यात्रा संस्मरण ) ले प्रथम नोबेल शान्ति पुरस्कार समेत प्राप्त गरेको थियो । यस वर्षको नाराले रेडक्रसकर्मी स्वयंसेवकले प्रदर्शन गर्ने सेवारुपि भावना, समर्पण, दया, सहयोग र समुदायप्रतिको उत्तरदायित्वलाई समग्रमा सङ्केत गर्दछ।

रेडक्रस अभियानले मूलभूतरूपमा मानवता, निष्पक्षता, तटस्थता, स्वाधिनता, स्वयंसेवा, एकता र विश्वव्यापकता जस्ता सात आधारभूत सिद्धान्तद्वारा निर्देशित भई सेवा गर्ने गर्दछ । यसले प्रत्येक वर्ष सशस्त्र सङ्घर्ष, प्राकृतिक प्रकोप र अन्य विपत्तिका बेला विश्वभरिका नौ करोड ५० लाखभन्दा बढी व्यक्तिलाई सेवा पुऱ्याउन सकेको छ भने यस अभियानको एक सदस्यको रूपमा नेपाल रेडक्रसले वार्षिकरूपमा करिव ३५ लाख व्यक्तिलाई सेवा पुऱ्याउँदै आएको छ।

हाल रेडक्रस अभियान विश्वको सबैभन्दा ठूलो मानवीय सञ्जाल भएको अन्तर्राष्ट्रिय संस्था हो । यस अभियानमा विश्वभरका करिब १० करोडभन्दा बढी व्यक्ति आवद्ध छन् । सोमबार यहाँ आयोजित कार्यक्रममा रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीहरुको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी)का नेपालस्थित राष्ट्रिय प्रतिनिधि मण्डलका प्रमुख अजमत उल्लाले रेडक्रस र रेडक्रसकर्मीले गर्ने काम र पुऱ्याउने सेवा मनैदेखिको हुनुपर्ने बताए । उनले भने, 'सुरक्षित र उत्थानशील समुदाय निर्माणका लागि कोभिड-१९ प्रतिकार्यमा सहयोग जारी छ । यसका अतिरिक्त विपद् तथा स्वास्थ्यसँग सम्बन्धित आपत्कालीन परिस्थितिभन्दा पहिले, त्यस्ता परिसि( थतिहरुको अवधिमा र त्यस्ता परिस्थिति सङ्कटासन्न मानिसहरुका आवश्यकताको पूर्तिका लागि एवं तिनको जीवन सुधार ल्याउनेजस्ता मानवीय सेवाका कार्यक्रम जारी छ ।' रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)का नेपालप्रमुख सन्देश श्रेष्ठले युद्ध, सशस्त्र सङ्घर्ष र विपद् का बेला नेपाल र विश्वभर रेडक्रसका स्वयंसेवकले मनैदेखि पुऱ्याइरहनुभएको सेवा र सहयोगको प्रशंसा गरे ।

नेपालमा आइएफआरसी

आइएफआरसीको सहयोगमा नेपाल रेडक्रसले सन् २०२२ मा आफ्ना कार्यक्रम तथा सेवाद्वारा पाँच मुख्य रणनीतिक प्राथमिकतामाथि जोड दिँदै सङ्कटासन्न समुदायलाई मानवीय सहायता उपलब्ध गराएको थियो । यसमा जलवायु तथा वातावरणीय सङ्कटमा १२ हजार दुई सय ५९, विकसित हुँदै जाने सङ्कट तथा विपदमा एक लाख २२ हजार चार सय ४१, स्वास्थ्य तथा कल्याण तीन लाख चार हजार तीन सय चार, मूल्य, शक्ति तथा समावेशीता १५ हजार एक सय २३ लाभान्वित भएका थिए।

यसैगरी आइएफआरसीले सन् २०२३ मा नेपाल रेडक्रस सोसाइटीलाई ३० नयाँ एम्बुलेन्स र १५ स्तरोन्नति गरिएका एम्बुलेन्स हस्तान्तरण गरेको छ । परियोजनाका लागि अनुमानित स्वीस फ्रयाक करिब १२ लाख (रु १६ करोड ७८ लाख) रहेको उसले जनाएको छ। उसले २०२२ मा नेपाल रेडक्रसलाई 'डबल क्याबिन' भएका १० 'पिकअप गाडि' हस्तान्तरण गरेको थियो।

आइएफआरसी विश्वकै सबैभन्दा ठूलो मानवीय सेवा गर्ने सञ्जाल भएको सङ्गठन हो र यसको सचिवालय स्वीट्जरल्याण्डको जेनेभामा छ । उसले मानवीय हितका लागि करिब एक करोड ५० लाख स्वयंसेवकलाई सङ्गठित गरी एक सय ९२ भन्दाबढी मुलुकमा स्थानीय रेडक्रस तथा रेडक्रिसेन्टका क्रियाकलापको सहयोग उपलब्ध गराउँछ।

सन् २०१५ अप्रिल २५ मा नेपालमा गएको अकल्पनीय 'गोरखा भूकम्प'पश्चात् आइएफआरसीले भूकम्प प्रभावितको खोज, उद्धार तथा राहत वितरणमा महत्वपूर्ण सहयोग गरेको थियो । साथै उसले भूकम्प अतिप्रभावित १४ जिल्लामा आवास निर्माण, स्वास्थ्य, सरसफाइमा सहयोग गरेको थियो । आइएफआरसीका राष्ट्रिय प्रतिनिधिमण्डल प्रमुख उल्लाले भने, 'नेपालमा आइएफआरसीले नेपाल रेडक्रस सोसाइटीसँग घनिष्ठरुपमा मिलेर काम गर्दछ ।' नेपाल रेडक्रसको स्थापना स्थापना सन् १९६४ मा भएको थियो । उसले मुलुकका सात प्रदेश तथा ७७ जिल्ला शाखा तथा एक हजार पाँच सयभन्दाबढी उपशाखाका माध्यमबाट विपद् पूर्वतयारी, आपत्कालीन परिस्थिति, स्वास्थ्य तथा समावेशवेशीताका क्षेत्रमा सरकारको सहयोगीका रुपमा काम गर्दछ । एक लाख २५ हजारभन्दा बढी सक्रिय स्वयंसेवकले नेपाल रेडक्रसका माध्यमबाट मानवीय हितमा योगदान पुऱ्याउँदछन् ।

भूकम्प प्रभावितलाई सहयोग

आइएफआरसीको आर्थिक सहयोगमा नेपाल रेडक्रसले डोटी, अछाम र बझाङका भूकम्पबाट अति प्रभावित घरपरिवारलाई अस्थायी आवास निर्माण, अत्यावश्यक वस्तु खरिद र शौचालय निर्माणका लागि आर्थिक सहयोग प्रदान गरिरहेको छ । डोटीको पूर्वीचौकी गाउँपालिका-३ गैरगाउँ केन्द्रविन्दु बनाएर गत कात्तिक २३ गते बिहान गएको ६ दशमलव ६ म्याग्नेच्युडको भूकम्पबाट सो गाउँका छ जनाको मृत्यु भएको थियो भने आठ जना घाइते भएका थिए। रासस

# दलित परिवारको स्वास्थ्य बीमा गर्दै औरही गाउँपालिका




**जनकपुरधाम ।** धनुषाको औरही गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सात वटै वडामा बसोबास गर्ने दलित परिवारको स्वास्थ्य बीमा गर्ने भएको छ। गाउँपालिकाका अध्यक्ष उमाशङ्करप्रसाद साहले गाउँपालिकामा रहेका दलित समुदायको स्वास्थ्यमा पहुँच स्थापित गर्ने उद्देश्यले चालु आर्थिक वर्षमा स्वास्थ्य बीमा गर्न लागिएको जानकारी दिए । प्रारम्भिक तथ्याङ्कअनुसार सात वटा वडामा बस्ने करिब सात सय ३५ परिवारको स्वास्थ्य बीमा गरिने उनले बताए ।

'यहाँका अधिकांश दलित परिवारका सदस्य आर्थिक अभावका कारण स्वास्थ्य संस्थामा जान नसक्ने र उपचार गर्नै परेमा ऋण लिनुपर्ने अवस्थामा छन्', अध्यक्ष साहले भने, 'त्यही समस्यालाई मध्यनजर गरी चुनावमा गरेको स्वास्थ्य बीमा गर्ने प्रतिवद्धता अनुसार काम गर्न लागिएको हो ।'

बीमाका लागि प्रतिपरिवार रु तीन हजार पाँच सय गाउँपालिकाले बेहोर्ने निर्णय भइसकेको उनको भनाइ छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सविरकुमार महतोले अहिले दलित परिवारको तथ्याङ्क सङ्कलनलगायतका काम भइरहेकाले सो प्रक्रिया सकिएलगत्तै बीमाको काम अगाडि बढ्ने जानकारी दिए।

' तीन हजार पाँच सय रुपैया बीमा रकम तिरेपछि बीमितले रु एक लाख बराबरको औषधी उपचार गर्ने सरकारको नीति छ, तर स्थानीय नागरिकलाई यस विषयमा धेरै जानकारी छैन । जसका कारण आर्थिक अभावमा समस्या भोग्नुपर्ने अवस्था छ', उनले भने, 'दलित परिवारलाई सहयोग गरेर अरु परिवारलाई पनि बीमा गर्नुपर्छ भन्ने सन्देश फैलाउने उद्देश्य हो ।'

यसका अतिरिक्त गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखी चालु बजेट तथा कार्यक्रमबाट वडा नं १ को स्वास्थ्य चौकीमा परीक्षण प्रयोगशाला, बर्थिङ सेन्टर र सङ्घीय बजेट तथा कार्यक्रमबाट वडा नं २ मा रु २१ करोडको लागतमा १५ शयूयाको अस्पताल निर्माण गरिरहेको छ।

# ढाकालाई कारबाही नगर्न सर्वोच्चको आदेश



**काठमाडौँ ।** सर्वोच्च अदालतले प्रतिनिधिसभा सदस्य ढाकाकुमार श्रेष्ठलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गरेको कारबाही तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ।

न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले आज श्रेष्ठलाई रास्वपाले कारबाही गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो।

आदेशमा भनिएको छ, 'प्रतिनिधिसभा सदस्य पदमा विपक्षी मध्येका विन्दबासिनी कंसाकारलाई स्थापित गर्ने गरी राष्ट्रिय स्वतन्त्र पार्टीले २०७९ साल चैत २९ गते गरेको निर्णय र सोसम्बन्धी पत्राचार एवम काम कारबाही थप कार्यान्वयन नगरी हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा राख्नु ।'

अदाललते उक्त मुद्दामा छलफलका लागि श्रेष्ठ र रास्वपा दुवै पक्षलाई आगामी जेठ ५ गते बोलाएको छ । स्वास्थ्यमन्त्री बन्न मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग रकम माग गरेको अडियो सार्वजनिक भएपछि रास्वपाले श्रेष्ठलाई पार्टीबाट निष्कासन गर्ने निर्णय गरेको थियो।

उक्त निर्णयपछि उहाँको सांसद पद खारेज भएको थियो ।पार्टीले आफूमाथि गरेको कारबाहीविरुद्ध श्रेष्ठले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए । उक्त निवेदनमाथिको प्रारम्भिक सुनुवाइपछि सोमबार अदाललते उक्त आदेश दिएको हो । अदालतले रास्वपा र अनुशासन समितिसँग श्रेष्ठमाथि कारबाही गर्नुको लिखित कारण माग गरेको छ ।रासस

# नागरिकतासम्बन्धी विधेयक अघि बढाउन एनआरएनएको माग

**काठमाडौँ ।** गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले नागरिकतासम्बन्धी विधेयकलाई अघि बढाइ तत्काल गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनमा ल्याउन सरकारसँग अनुरोध गरेको छ। चेक रिपब्लिकमा सम्पन्न सङ्घको १५औँ क्षेत्रीय सम्मेलनले १४ बुँदे प्राग घोषणापत्र जारी गर्दै नयाँ संविधानले गैरआवासीय नेपालीका लागि गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था गरेकाले तत्काल नागरिकता उपलब्ध गराउन अनुरोध गरेको हो । 'संविधान जारी भएको झन्डै आठ वर्षपछि पनि अझै कार्यान्वयन नभएको अवस्थामा आम गैरआवासीय नेपालीको चासो रहेको नागरिकतासम्बन्धी विधेयकलाई अघि बढाई तत्काल गैरआवासीय नेपाली नागरिकता कार्यान्वयनमा ल्याउन यो सम्मेलन नेपाल सरकारसमक्ष अनुरोध गर्दछ', घोषणापत्रमा उल्लेख छ।

सम्मेलनले सङ्घको दशौँ महाधिवेशनपश( चात् समानान्तर गतिविधि गरिरहेका एनआरएनलाई हाल भइरहेको वार्ताका माध्यमबाट मुलधारमा समाहित भई एकताको एघारौँ महाधिवेशनमा सहभागी हुन अपिल गरेको छ । विदेशमा रहेका नेपालीको पैतृक सम्पत्तिको अधिकारलाई सुनिश्चित गर्दै आवश्यक कानुनी व्यवस्था गर्न नेपाल सरकार र राजनीतिक दलसँग सम्मेलनले अनुरोध गरेको छ । विदेशमा बसोबास गर्ने नेपाली नागरिकले नेपालको निर्वाचनमा भाग लिन पाउने, मतदान गर्न पाउने अधिकार (मताधिकार) सुनिश्चित गर्न सर्वोच्च अदालतलेसमेत निर्देशनात्मक आदेश जारी गरिसकेका सन्दर्भमा तत्काल प्रक्रिया मिलाइ विदेशमा बस्ने नेपालीको मताधिकार सुनिश्चित गर्न माग गरिएको छ । युवा तथा महिलाको सामाजिक उद्यमशीलता अभिवृद्धिका लागि आवश्यक सहयोग गर्ने, महिला फोरम र युवाको सक्रियतामा सुरु भएको सीप विकास तालिमलाई निरन्तरता दिने र गैरआवासीय नेपाली अभियानको हरेक क्षेत्रमा महिला तथा युवाको सहभागिता सुनिश्चित गराउन सम्मेलनले पुनःप्रतिबद्धता व्यक्त गरेको छ । मेगा प्रोजेक्टलाई सफलतापूर्वक अघि बढाउनका लागि सडक बालबालिका, पढ्दै कमाउँदै जस्ता कार्यक्रम लक्षित समुदायमा शीघ्र सुरु गर्ने प्रतिबद्धता सङ्घले जनाएको छ । सम्मेलनले एनआरएन नेपाल डेभलपमेन्ट फण्डलाई रु १० अर्बबाट रू ५० अर्ब बनाउने लक्ष्यको साथ समृद्ध नेपाल निर्माणमा थप टेवा पुऱ्याउन आह्वान गरेको छ। सो फण्डमा जोडिन चाहने गैरआवासीय नेपालीका लागि यसअघि तोकिएको रु २५ लाख न्यूनतम सीमा घटाएर २५० डलर मात्र कायम गरिएको छ। पोर्चुगल, रोमानिया, क्रोयसिया, माल्टा, चेक रिपब्लिकलगायत देशमा नेपाली राजदूतावास स्थापना गर्न सम्मेलनले आग्रह गरको छ । विभिन्न माध्यमबाट गैरकानुनीरुपमा युरोपका पोर्चुगल, इटाली, टर्की, रोमानिया, क्रोसिया, सर्भियालगायत मुलुकमा भइरहेको अवैध मानव ओसारपसारलाई रोक्न तथा जागरण अभियान सञ्चालन गर्न सङ्घका विभिन्न देशमा संयुक्त संयन्त्र बनाई अघि बढ्न सम्मेलन राष्ट्रिय समन्वय परिषद्लाई आग्रह गरेको छ । वैदेशिक रोजगारीमा रहेका लाखौँ नेपालीलाई सामाजिक सुरक्षा कोषमा जोड्ने गरी कार्यान्वयनमा ल्याएको कार्यक्रमप्रति सम्मेलनले धन्यवाद व्यक्त गरेको छ। सङ्घले सम्पूर्ण गैरआवासीय नेपालीलाई कोषमा आबद्ध हुन आह्वान गरेको छ। सङ्घको १५औँ क्षेत्रीय सम्मेलन चेक रिपब्लिकको राजधानी प्रागमा यही मे ५, ६ र ७ सम्म चलेको थियो । तीन दिनसम्म चलेको सम्मेलनमा परराष्ट्रमन्त्री एनपी साउद, नेकपा (एमाले)का उपाध्यक्ष सुवास नेम्वाङ, नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखक, राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झा, नेकपा (माओवादी केन्द्र)का नेता खिमलाल देवकोटालगायतको उपस्थिति थियो ।सम्मेलनमा भएका विभिन्न सत्रमा स्मार्ट एनआरएनए, सदस्यता वितरण, निर्वाचन प्रक्रिया, एनआरएनए विधान र राष्ट्रिय समन्वय परिषद्बीचको सञ्जालका बारेमा छलफल भएको थियो। सम्मेलनमा ३९ देशका करिब तीन सय प्रतिनिधिको सहभागिता रहेको सङ्घले जनाएको छ ।रासस

# स्थानीय तहका पदाधिकारी र कर्मचारीलाई विदेश भ्रमणमा कडाइ



**काठमाडौँ ।** सरकारले स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई विदेश भ्रमणमा कडाइ गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक परिपत्र जारी गर्दै स्थानीय तहका पदाधिकारी एवं कर्मचारीलाई कार्यक्रम स्वीकृत नगराइ जथाभावी विदेश भ्रमणमा नजान आग्रह गरेको हो। यसअघि भएका यस्ता वैदेशिक भ्रमणका कतिपय कार्यक्रमको औचित्य नदेखिएको भन्दै मन्त्रालयको उक्त परिपत्रमा आवश्यताका आधारमा मात्र वैदेशिक भ्रमणमा जान निर्देशन दिइएको छ। अत्यावश्यक र औचित्यपूर्ण अवस्थाबाहेक वैदेशिक भ्रमण स्वीकृतिका लागि नपठाउन पनि मन्त्रालयले जिल्ला समन्वय अधिकारी र पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिएको छ।

विदेश भ्रमणबारे निर्णय गर्नुअघि देशको वर्तमान आर्थिक संवेदनशीलता, चालू आर्थिक वर्षको अन्तिम र नयाँ आर्थिक वर्षको बजेट निर्माणको महत्वपूर्ण समयलाई मनन् गर्न मन्त्रालयले जारी गरेको उक्त परिपत्रमा भनिएको छ। आधिकारिकता पुष्टि हुन नसक्ने तथा गलत कागजात तयार गरी विदेश भ्रमणमा गए या पठाइएमा त्यस्ता अनुरोध पत्रमाथि मन्त्रालयले कारबाही गर्ने चेतावनी पनि सो परिपत्रमा दिइएको छ ।रासस

# लुम्बिनी प्रदेशको तराईका भूभागमा हावाहुरीको सम्भावना

**काठमाडौँ ।** हाल देशमा स्थानीय वायुको सामान्य प्रभाव रहेको छ । जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार सोमबार देशका पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा आंशिक बदली भई मौसम सामान्यतया सफा रहने छ।

कर्णाली तथा सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागका थोरै स्थानमा र अन्य प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन तथा चट्याङसहित क्षणिक वा हल्का वर्षाको सम्भावना रहेको मौसमविद् प्रतिभा मानन्धरले जानकारी दिए । उनका अनुसार सोमबार सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराईका भू-भागमा सामान्य हावाहुरीको सम्भावना रहेको छ। यसैगरी सोमबार अपराह्न १/२ बजेपछि केहीबेर तीव्र गतिमा हावाहुरी चल्ने अनुमान रहेको मौसमविद् मानन्धरले बताए । उनका अनुसार प्रि-मनसुनको



समयमा पानी पार्ने प्रणाली सक्रिय नहुँदा तीव्र गतिमा हावाहुरी चल्ने हुन्छ। केही दिन अघि पानी परेका बेला हावाहुरी चलेको थिएन । घाम लाग्न थालेसँगै हावाहुरी चल्न थालेको उनको भनाइ छ।

देशका धेरै ठाउँमा सोमबार बिहानैदेखि घाम चर्किएको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने मौसम आंशिक बदली छ । यी प्रदेशमा दिउँसो हल्का पानी पर्ने अनुमान गरिएको छ। आज राति कर्णाली, सुदूरपश्चिम र कोशी प्रदेशको मौसम भने बदली हुने अनुमान गरिएको छ। तत्काललाई देशभर नै ठूलो पानी पर्ने सम्भावना भने नरहेको जल तथा मौसमपूर्वानुमान महाशाखाले जनाएको छ।

# जातीय हिंसा चर्केको मणिपुरको पछिल्लो अवस्था के छ ?

**जनकपुरधाम ।** भारतको पूर्वोत्तर राज्य मणिपुरमा जातीय भिडन्तहरू हुँदा दर्जनौँ मानिसले ज्यान गुमाएका छन् । राज्यमा भिडहरूले घर, सवारीसाधन, गिर्जाघर तथा मन्दिरहरूमा आक्रमण गरेका छन् । बहुसंख्यक मैतेई समुदायलाई पनि अनुसू(चत जातिमा सूचीकृत गर्नेबारे विचार गर्न न्यायालयले सरकारलाई भनेपछि त्यसको विरोधमा गत साता जनजाति समुदायहरू विरोधमा ओर्लिएपश्चात् हिंसा शुरू भएको थियो । करिब ५० प्रतिशत जनसंख्या रहेको मैतेई समुदायले अनुसूचित जातिमा सूचीकृत गर्नुपर्ने माग वर्षौंदेखि गर्दै आएको छ ।

हिंसाको कारण के?

त्यो माग पूरा भएपछि वन क्षेत्रमा पहुँचको सुनिश्चितता हुनुका साथै सरकारी जागिरमा मैतेई समुदायको एउटा निशि(चत भाग सुनिश्चित गर्नेछ । उक्त अनुसू(चत जातिमा सूचीकृत खासगरी कुकी समुदाय पहाडी जिल्लामा बसोबास गर्छ । मणिपुरको उच्च न्यायालयले भने जस्तै मैतेई समुदायलाई अनुसूचित जातिमा सूचीकृत गरिएमा वन क्षेत्रमा कायम पुर्ख्यौलीदेखिको आफ्नो नियन्त्रण गुम्न सक्ने कुकी समुदायको चिन्ता छ ।

सोमवार एउटा समाचार च्यानलसँग कुरा गर्दै भारतीय गृहमन्त्री अमित शाहले मणिपुरको स्थिति सामान्य बन्दै भएको दाबी गरेका छन् । मैतेई समुदायलाई अनुसूचित जातिमा सूचीकृत गर्ने विषयमा कुनै निर्णय लिनुअघि मणिपुर सरकारले सम्बन्धित सबै पक्षसँग परामर्श गर्ने उनले बताए । शान्ति, सुव्यवस्था बहाली गर्नका लागि हजारौँ सुरक्षाकर्मी परिचालन गरिएको छ भने कैयौँ जिल्लामा इन्टरनेट काटिएको छ । गत साता राज्यका गभर्नरले स्थिति नियन्त्रणमा लिन "देख्नासाथ गोली हान्न" आदेश दिएका थिए ।



हजारौँ व्यक्तिको उद्धार

उद्धार गरी २३,००० भन्दा बढी मानिसलाई अस्थायी शिविरमा राखिएको सेनाले आइतवार एउटा वक्तव्यमार्फत् जनाएको छ । उद्धार गरिएकामध्ये ठूलो संख्यामा महिला तथा बालबालिका रहेका छन् । स्थानीय बासिन्दाले आफ्नो भविष्यलाई लिएर चिन्ता लागेको बताएका छन् । 'अहिले हामीलाई सुरक्षित महसुस भएको छैन,' मणिपुरको राजधानी इम्फालका बासिन्दा एस सांग्लुन सिम्तेले समाचार संस्था एएफपीलाई भने । कुकी समुदायका ती २९ वर्षीय व्यक्ति परिवारका ११ जनासहित इम्फाल विमानस्थलबाहिर पालमुनि बसिरहेका छन् ।

'प्रभावित सबै समुदायका सर्वसाधारणको उद्धार गर्न, हिंसा नियन्त्रण गर्न र स्थिति सामान्य अवस्थामा फर्काउन ९६ घण्टा निरन्तर लागिपरेपछि' हिंसामा विराम लागेको आइतवार सेनाले दाबी गरेको थियो । तर राज्यका थुप्रै हिस्सामा स्थिति अझै तनावपूर्ण छ ।

स्थानीय बासिन्दाहरू सेनाको सुरक्षामा रहँदा अरू राज्यले आआफ्ना नागरिकको उद्धार गरेका छन् ।

महाराष्ट्र र आन्ध्र प्रदेशजस्ता राज्यले विशेष उडानमार्फत् आफ्ना नागरिकलाई उद्धार गरी लगेका छन् । गत बुधवार हिंसा शुरू भएको थियो । इम्फाल र अरू जिल्लाहरूमा भिडहरूले सवारीसाधनमाथि तोडफोड गर्नुका साथै घर तथा पसलमा आगजनी गरेका छन् । घरहरूमा आगजनी गरिएका र सडकहरूमा बाक्लो धुवाँका मुस्लो उडिरहेको भिडिओ तथा तस्वीरमा देखिएको थियो । स्थिति नियन्त्रणमा ल्याइरहेको सेनाले जनाएको छ । प्रभावित क्षेत्रमा केही घण्टाका लागि निषेधाज्ञा खुकुलो पारिँदा सोमवार मानिसहरूले अत्यावश्यक सामान खरिद गरेका छन् ।

**प्रवासी नेपालीहरूको अवस्था के छ?**

मणिपुरमा प्रवासी नेपालीहरू भए पनि यकिन सङ्ख्या थाहा नभएको अधिकारीहरू बताउँछन् । जारी हिंसामा परी नेपालीहरू कुनै अप्रिय घटनामा नपरेको दिल्लीस्थित भारतका लागि नेपाली राजदूत शङ्कर शर्माले बताए ।

'नेपाली नागरिकहरूलाई केही भएको खबर हामीले कतैबाट अहिलेसम्म पाएका छैनौँ,' टेलिफोनमा उनले भने । मणिपुरमा धेरै संख्यामा नेपालीभाषी भारतीयहरू पनि रहेका छन् । इम्फालदेखि २५ किलोमिटर पश्चिमस्थित काङ्लाटाङ्बीमा बसोबास गर्ने नेपालीभाषी पत्रकार राहुल राईका अनुसार पूर्वोत्तर भारतका प्रायः सबैजसो राज्यमा नेपालीभाषीहरूको बसोबास रहेको छ । इम्फालमा बसोबास गर्ने अवकाशप्राप्त शिक्षक एवं नेपालीभाषी लेखक भवानी अधिकारीका अनुसार सन् २०११ को जनगणनाले ६३ हजार नेपालीभाषी रहेको देखाएको थियो ।

# केरलामा दुईतले डुङ्गा पल्टिँदा २२ जनाको मृत्यु



**जनकपुरधाम ।** भारतको दक्षिणी राज्य केरलामा पर्यटकहरू चढेको एउटा दुईतले डुङ्गा पल्टिँदा कम्तीमा २२ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । आइतवार साँझ दुर्घटनाग्रस्त उक्त डुङ्गालाई हिलोयुक्त पानीबाट बाहिर निकालिएको छ । दुर्घटनास्थलमा खोजी तथा उद्धारकार्य जारी रहँदा मृतकको संख्या बढ्न सक्ने अनुमान गरिएको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार धेरै यात्रुहरू डुङ्गामुनि फसेका थिए भने राति अँध्यारोका कारण उद्धारकार्य अवरुद्ध भएको थियो । ज्यान गुमाउनेहरूमा महिला तथा विद्यालय बिदामा रहेका बालबालिका समेत रहेका छन् ।

भारतकी राष्ट्रपति द्रौपदी मुर्मू र प्रधानमन्त्री नरेन्द्र मोदीले उक्त दुर्घटनामा मानिसहरूको मृत्यु भएकोमा शोक व्यक्त गरेका छन् । केरलाका मुख्यमन्त्री विजय पिनाराईले स्थानीय प्रशासनलाई तीव्र गतिमा उद्धारकार्य गर्न निर्देशन दिइएको र त्यसको निगरानी क्याबिनेट मन्त्रीहरूले गरिरहेको बताएका छन् । हाल फरार रहेको भनिएको डुङ्गाका मालिकविरूद्ध सोमवार प्रहरीले कर्तव्य ज्यान मुद्दा दर्ता गरेको छ । मलप्पुरम जिल्लाको तनुर क्षेत्रमा अवस्थित तूवलतीरम समुद्री तटनजिकै एउटा नदीमुखमा आइतवार सो दुर्घटना भएको थियो । डुङ्गा पल्टिँदा त्यसमा ५० जना भएको बताइएको छ । पर्यटकहरू डुङ्गा चढेर समुद्रमा विहार गर्न जान्छन्। उक्त डुङ्गामा पनि पर्यटकहरू थिए । मलप्पुरम जिल्लाका प्रहरी अधिकारी अब्दुल नजारले समाचारसंस्था रोएटर्सलाई बताएअनुसार उक्त डुङ्गामा क्षमताभन्दा बढी मानिस थिए ।

केरलाका खेलकुद तथा मत्स्यपालनसम्बन्धी मन्त्री भी अब्दुरहिमानका अनुसार अस्पताल लगिएका केही व्यक्तिको जनाको अवस्था गम्भीर छ । दुर्घटनामा परेर पनि ज्यान जोगिएका मानिसहरूले स्थानीय सञ्चारमाध्यमलाई बताएअनुसार डुङ्गा पल्टिँदा धेरै यात्रुहरूले लाइफ ज्याकेट लगाएका थिएनन् । हराइरहेका यात्रुहरूको स्पष्ट सङ्ख्या तत्काल थाहा हुन सकेको छैन । घटनास्थलबाट नजिकैको तनुर क्षेत्रकी बासिन्दा अम्बिकाले डुङ्गा आउँदै गरेको देख्दा त्यसमा सवार सबै जना "खुसीले हर्षोल्लास" गरिरहेको मनोरमा न्युज च्यानलसँग बताइन् । 'तर एक्कासि बत्ती निभ्यो, डुङ्गा डुब्यो र मानिसहरू सहयोगको याचनासहित चिच्याउन थाले । केही क्षणमै माहौल बदलियो,' उनले भनिन् ।

आफूले तत्काल उद्धारका लागि प्रहरीलाई बोलाएको अम्बिकाले सुनाइन् । 'तर हामीले त्योभन्दा बढी केही गर्न सकेनौँ किनकि अँध्यारो हुँदै गइरहेको थियो र यात्रुहरूसम्म पुग्ने कुनै उपाय थिएन ।' भारतमा डुङ्गा दुर्घटना नौलो घटना होइन । त्यहाँ प्रायः डुङ्गा खचाखच भीड हुन्छ, मर्मत सम्भार समयमा हुँदैन र सुरक्षा उपकरणहरूको अभाव हुन्छ ।

# प्रदूषणले कसरी पुरुष प्रजननमा संकट निम्त्याउँदैछ

**जनकपुरधाम ।** विश्वभरि नै शुक्रकीटको गुणस्तर खस्किरहेको देखिएको छ । बाँझोपनाका निम्ति एक प्रमुख कारक मानिएको यस्तो खस्कँदो गुणस्तरको कारण चाहिँ के हो भन्नेबारे धेरै चर्चा गरिँदैन । तर अहिले आएर वैज्ञानिकहरूले ती कारणबारे निकै जानकारी बटुलेका छन् । 'हामी तपाईंको समस्या समाधान गर्न सक्छौँ,' चिकित्सकले जेनिफर ह्यानिङ्टनलाई भने । त्यसपछि ती चिकित्सक उनका पति सिआरानतर्फ फर्किए अनि भनेः 'तर तपाईँलाई भने हामीले खासै मद्दत गर्न सक्दैनौँ ।'

इङ्ग्ल्यान्डको योर्कशरमा बस्ने यी दम्पतीले दुई वर्षदेखि सन्तान जन्माउने कोसिस गर्दैछन् । जेनिफरलाई प्रजनन क्षमतालाई प्रभाव पार्न सक्ने पोलिसिस्टिक ओभरियन सिन्ड्रम भन्ने बिमारी थियो । त्यसैले गर्भधारण गर्न अप्ठेरो हुने उनीहरूले ठानेका थिए । तर सिआरानको स्वास्थ्य अवस्थामा पनि समस्या होला भनेर उनीहरूले सोचेका थिएनन् । परीक्षणहरू गर्दा उनको वीर्यमा थोरै संख्यामा र कम गतिशील शुक्रकीट भएको पाइयो । अनि उपचार हुनसक्ने कि नसक्ने भन्ने सन्दर्भमा यी समस्या भनेको जेनिफरको समस्याभन्दा पनि गम्भीर थिए । चिकित्सकको कुरा सुनेर उनी स्तब्ध भए । 'मैले मेरी पत्नीलाई निराश पारेको जस्तो अनुभव भयो ।'

त्यसपछिका वर्षहरूमा उनको मानसिक स्वास्थ्य पनि बिग्रियो । बाँझोपनाको लगभग आधा मामिला पुरुषका कारण हुन्छन् । करिब ७% पुरुषमा त्यस्तो समस्या हुने बताइन्छ। तर महिला बाँझोपनाको तुलनामा पुरुष बाँझोपनाको चर्चा कम हुने गर्छ। प्रजनन क्षमताबारे समस्या बेहोर्ने पुरुषहरूको हकमा अधिकांशमा यकिन कारण थाहा हुँदैन - र विद्यमान सामाजिक मान्यताका कारण उनीहरू चुपचाप समस्या भोग्न बाध्य हुन्छन् । अनुसन्धानहरूका अनुसार यो समस्या बढ्दो छ । अनि शुक्रकीटको गुणस्तरसहित पुरुष प्रजनन क्षमतामा प्रभाव पार्ने एउटा तत्व भनेको प्रदूषण रहेको पाइएको छ । यसको सम्भाव्य परिणाम व्यक्ति एवं समाजहरूमै धेरै पर्ने देखिन्छ ।

**लुकेको सङ्कट?**

गत शताब्दीमा संसारको जनसंख्या नाटकीय ढङ्गले बढ्यो । करिब ७० वर्ष पहिले मात्र यो पृथ्वीमा जम्मा अढाई अर्ब मानिस थिए । सन् २०२२ मा त्यो संख्या ८ अर्ब पुग्यो । तर सामाजिक तथा आर्थिक कारणले जनसंख्या वृद्धिदरको गति भने घट्न थालेको छ । विश्वभरि नै जन्मदर कीर्तिमानी स्तरमा कम हुन थालेको छ । ५० प्रतिशतभन्दा धेरै मानिसहरू त्यस्ता देशमा बसिरहेका छन् जहाँको औसत जन्मदर २ बालबालिकाभन्दा कम छ - जसको अर्थ भनेको बाहिरबाट आप्रवासी नआए ती ठाउँमा जनसंख्या सङ्कुचित हुँदै जानेछ । यसो हुनुका पछाडि कैयन् सकारात्मक कारणहरू पनि छन् - जस्तो महिलाको बढ्दो वित्तीय स्वतन्त्रता र प्रजनन स्वास्थ्यमा उनीहरूको बढ्दो नियन्त्रण । अर्कोतर्फ अनुसन्धानहरूले के पनि देखाएका छन् भने थोरै जन्मदर भएका देशका कतिपय महिलाहरूले परिवारहरूलाई थप सामाजिक तथा आर्थिक सरसहयोग हुने हो भने थप बच्चा जन्माउने थिए । यही समय व्यक्तिहरूको बच्चा जन्माउने क्षमतामा पनि ह्रास आएको देखिएको छ । पुरुषहरूको हकमा शुक्रकीटको संख्या घटिरहेको देखिन्छ भने उनीहरूको टेस्टोस्टेरोनको स्तर पनि कम भइरहेको छ । बढ्दो संख्यामा पुरुषहरूमा उत्तेजनाको समस्या अनि अण्डकोषमा क्यान्सरजस्ता बिमारी हुन थालेका छन् ।

'शुक्रकीट भनेका विशिष्ट किसिमका कोषहरू हुन्,' डन्डी विश्वविद्यालयमा प्रजनन औषधिसम्बन्धी क्लिनिकल रिडर एवं गाइनेकोलजिस्ट सारा मार्टिन्स डा सिल्भा भन्छिन् । 'ती साना हुन्छन्, ती पौडन सक्छन्, ती शरीरभन्दा बाहिर पनि बाँच्न सक्छन् । अन्य कुनै पनि प्रकारका कोषले त्यसो गर्न सक्दैनन् । ती असाधारणरूपमा विशिष्ट प्रकृतिका हुन्छन् ।'

ती कोषमा स-साना परिवर्तनका पनि ठूलो असर पर्छ । खासगरी तिनको अण्डा निषेचन गर्ने क्षमतामा त्यस्तो असर पर्छ । निषेचनका निम्ति खासगरी तीनवटा कुरा महत्त्वपूर्ण हुन्छ - तिनको गतिशीलता, तिनको आकारप्रकार, र निश्चित परिमाणको वीर्यमा तिनको संख्या । पुरुषले आफ्नो प्रजनन क्षमता जचाउँदा यिनै विषय हेरिन्छ ।

'सामान्यतया, एक मिलिलिटर वीर्यमा ४ करोडभन्दा कम संख्यामा शुक्रकीट रहेछन् भने प्रजनन क्षमतामा असर पर्न थाल्छ,' जेरुसलेमस्थित हिब्रु विश्वविद्यालयका इपिडेमियोलोजीका प्राध्यापक हेगाइ लेभिनले भने । 'सामान्यतया, एक मिलिलिटर वीर्यमा ४ करोडभन्दा कम संख्यामा शुक्रकीट रहेछन् भने प्रजनन क्षमतामा असर पर्न थाल्छ ।' धेरै शुक्रकीट हुँदैमा गर्भ रहने सम्भावना धेरै नहुने भए पनि एक मिलिलिटर वीर्यमा ४ करोडभन्दा कम शुक्रकीट भएपछि चाहिँ त्यो सम्भावना द्रुत गतिमा घट्न थाल्छ ।

सन् २०२२ मा लेभिन तथा उनका सहयोगीहरूले विश्वभरि औसत शुक्रकीट सङ्ख्यामा आइरहेको गिरावटको प्रवृत्तिबारे एक समीक्षा प्रकाशित गरेका थिए । उक्त अनुसन्धानअनुसार सन् १९७३ र २०१८ को बीचमा त्यो संख्या हरेक वर्ष १.२% प्रतिशतको औसत दरमा घटेको थियो - १० करोड बाट घटेर औसत ४ करोड ९० लाख प्रतिमिलिलिटर हुने गरी । सन् २००० यता उक्त गिरावट दर प्रतिवर्ष २.६% पुगेको पाइएको छ ।

लेभिनका अनुसार यो द्रुत गिरावटका पछाडि 'इपिजेनेटिक' परिवर्तनहरू कारक हुन सक्छन् । त्यो भनेको वातावरणीय वा जीवनयापन शैलीका कारण जीनले गर्ने काममा आएका परिवर्तन हुन् । अर्को छुट्टै अनुसन्धानले पनि तिनै कारक ठम्यायो । 'पुस्ता पुस्तामा यो थपिँदै गएका सङ्केत मिल्छन्,' उनले भने । 'यो गिरावटले पुरुषहरूको खस्कँदो स्वास्थ्यको मात्र नभई समस्त मानव जातिकै खस्कँदो स्वास्थ्य दर्शाउँछ,' लेभिनले भने । 'हामी जनस्वास्थ्य सङ्कट बेहोरिरहेका छौँ - र यो उल्ट्याउन सकिन्छ कि सकिँदैन भनेर हामीलाई थाहा छैन ।' पुरुष प्रजनन क्षमतामा आएका ह्रासले भविष्यमा अन्य स्वास्थ्य समस्या समेत निम्तने आकलन अनुसन्धानहरूले गरेका छन्। एउटा सम्भावना के छ भने निश्चित प्रकारका जीवनशैलीले प्रजनन क्षमता लगायत अन्य स्वास्थ्य समस्या निम्त्याउँछन् । 'बच्चा जन्माउने इच्छा र त्यो पूरा गर्न नसक्नुको अनुभूति एकदमै नराम्रो हो। तर यो त त्योभन्दा पनि ठूलो समस्या हो,' डा सिल्भाले भनिन् । व्यक्तिहरूले जीवनशैली परिवर्तन गरेर मात्र पनि शुक्रकीटको गुणस्तरमा आएका ह्रास नियन्त्रण गर्न सकिँदैन । बढ्दो प्रमाणले त यसको पछाडि अझ विस्तृत, वातावरणीय कारण रहेको देखाइरहेका छन् : विषाक्त प्रदूषक ।

**विषाक्त विश्व**

यूकेको नटिङ्घम विश्वविद्यालयकी भेटरीनरी टिचिङ असोसिएट तथा अनुसन्धानकर्ता रेबिका ब्लांकार्डले घरभित्रै फेला पर्ने वातावरणीय रसायनहरूको पुरुष प्रजनन स्वास्थ्यमा सम्भाव्य प्रभावबारे अनुसन्धान गर्दैछिन् । उनले त्यसको लक्षण देखाउन कुकुरहरूको पनि अनुसन्धान गरिरहेकी छन् । 'कुकुरहरू हामीजस्तै वातारणमा हुर्किरहेका छन्,' उनले भनिन् । 'ती एकै घरमा बस्छन् र तिनै प्रदूषक रसायन बेहोर्छन्। हामीले कुकुरमा अध्ययन गर्‍यौँ भने मानिसमा कस्ता प्रभाव परिरहेका छन् भनेर छनक पाउन सक्छौँ ।' उनले आफ्नो अध्ययनलाई प्लास्टिकहरूमा पाइने रसायन, अग्नि शमनमा प्रयोग हुने रसायन र घरका अन्य सामान्य सर सामग्रीमा केन्द्रित गरिन् । त्यस्ता कतिपय रसायनको प्रयोगमा प्रतिबन्ध लागिसकेको भए तापनि पुराना सामग्रीमा अनि वातावरणमा तिनका अवशेष अझै भेटिन्छन् । तिनले मानिसको हर्मोन प्रणालीमा गडबडी उत्पन्न गराएर कुकुर अनि मानिसहरूको पनि प्रजनन क्षमतामा असर पारिरहेको उनको अध्ययनले पत्ता लगायो । 'हामीले कुकुर र मानिस दुवैमा शुक्रकीटको गतिशीलतामा ह्रास आएको पायौँ,' ब्लांकार्डले भनिन् । 'डीएनए खण्डीकरणको परिमाण समेत बढेको पाइयो ।' शुक्रकीटको डीएनए खण्डीकरण भनेको शुक्रकीटको आनुवंशिक संरचनामा क्षति पुग्नु वा भत्कनुलाई जनाउँछ । त्यसले प्रजनन क्षमताबाहेक अन्य प्रभाव पनि पार्छः उदाहरणका लागि डीएनए खण्डीकरण बढ्दै जाँदा गर्भपतन हुने समस्या पनि बढ्ने ब्लांकार्डले बताइन् ।

यो अध्ययनको निचोड अघिल्ला अनुसन्धानहरूका निचोडसँग पनि मेल खान्छन् । यस्ता विषाक्त तत्त्वहरूले महिला, पुरुष अनि शिशुहरूलाई पनि असर गर्छन् । गर्भाशयमै भएका शिशुमा समेत यस्ता ब्ल्याक कार्बन, फरेभर केमिकल्स तथा थालेट्सजस्ता हानिकारक रसायन भेटिएका छन् । जलवायु परिवर्तनले पनि पुरुष प्रजनन क्षमतालाई नकारात्मक असर गर्ने ठानिन्छ । बढ्दो तापक्रमले शुक्रकी(टलाई प्रभाव पारेको कैयन् पशुमा गरिएका अध्ययनले देखाएका छन् । सन् २०२२ मा गरिएको एउटा अनुसन्धानले पनि धेरै तापक्रममा काम गर्दा शुक्रकीटको गुणस्तर घट्ने बताएको थियो ।

**कमजोर खानपान, तनाव अनि मदिरा**

यी वातावरणीय तत्वहरूका अतिरिक्त व्यक्तिगत व्यवहारले पनि पुरुष प्रजनन शक्तिमा फरक पार्छ। कमजोर खानपान, हिँडडुलमा कमी हुने जीवनशैली, तनाव अनि मदिरा तथा लागुऔषधको दुर्व्यसनले हानि पुर्‍याउँछ ।

**धूमपान तथा मदिरापान**

पछिल्ला दशकहरूमा अलि उमेर चढिसकेपछि मात्र बच्चा जन्माउन चाहने प्रवृत्ति मौलाएको छ - महिलाहरूलाई चाहिँ उनीहरूको जैविक घडीबारे बारम्बार स्मरण गराइने भए पनि पुरुषहरूको हकमा उमेर र प्रजनन क्षमताबीचको सम्बन्ध नरहने बताइन्थ्यो । तर त्यो मान्यतामा अब फेरबदल आइरहेको छ ।

# मदन भण्डारी राष्ट्रिय रिङ रेस्लिङ सुर्खेतमा हुने

**काठमाडौँ ।** मदन भण्डारी स्पोर्ट्स एकेडमीको रिङ रेस्लिङ विभागको आयोजनामा दोस्रो मदन भण्डारी रिङ रेस्लिङ राष्ट्रिय प्रतियोगिता आगामी जेठको दोस्रो सातामा हुने भएको छ ।



बहत्तरौँ मदन स्मृति तथा मदन जयन्तीको अवसरमा प्रतियोगिता आयोजना गर्न लागिएको एकेडेमीका केन्द्रीय उपाध्यक्ष तेजविक्रम बस्नेतले सोमवार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उक्त प्रतियोगिता आगामी जेठ १३ गते सुर्खेतमा हुनेछ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीले घोषणा गरेको विविध खेलकुद प्रतियोगिताअन्तर्गत रेस्लिङको दोस्रो संस्करण सुर्खेतमा हुन लागेको नेपाल रिङ रेस्लिङ सङ्घकी महासचिवसमेत रहेकी एकेडेमीकी केन्द्रीय उपमहासचिव सुवर्ण श्रेष्ठले जानकारी दिए । प्रतियोगितामा लाइटवेटतर्फ सिजे वर्ल्ड र कम्ब्याटको भिडन्त हुनेछ ।

यसका साथै महिलातर्फ तन्नु र आकृति भिड्ने छन् भने ट्याग टिम भिडन्तमा टुप्पी ग्याङले सुजलको टिमसँग तथा एक्स हिरोबीच हुनेछ । हार्डकोर भिडन्तमा चट्टान र स्पाइडरम्यान उपाधिका लागि रिङमा उत्रने छन् । लाइटवेटमा डेभिडले र साइनको सामना गर्नेछन् । नुवाकोटे टाइगर र किङ रोबोर्ट हेभीवेटमा भिड्ने छन् ।

लाइटवेटतर्फको विजेता खेलाडीले रु ५० हजार, ट्याग टिम च्याम्पियनले रु ५० हजार, लेडिज वेट च्याम्पियनले रु ६० हजार, मिडलवेट च्याम्पियनले रु ७० हजार, हार्डकोर च्याम्पियनले रु ७५ हजार र हेभीवेट च्याम्पियनले रु एक लाख पाँच हजार पुरस्कार प्राप्त गर्नेछन् ।

उपमहासचिव श्रेष्ठले प्रतियोगिताले कर्णाली प्रदेशको आन्तरिक तथा बाह्य पर्यटनको विकाससँगै कर्णाली प्रदेशमा आयोजना हुने दशौँ राष्ट्रिय खेलकुदको प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । रासस

# फाउन्डेसन र खेलकुद कार्यक्रमबीच सम्झौता

**काठमाडौँ ।** सुशील कोइराला मेमोरियल फाउन्डेसन र त्रिभुवन विश्वविद्यालय खेलकुद विज्ञानमा स्नातकोत्तर कार्यक्रमबीच युवा र खेलकुदमा सहकार्य गर्ने सहमति भएको छ । फाउन्डेसनका सदस्य सचिव अतुल कोइराला र कार्यक्रम प्रमुख गङ्गाबहादुर थापाबीच सोमबार विश्वविद्यालयमा सम्झौता भएको हो ।




सम्झौता अनुसार शैक्षिक कार्यक्रममा खेलकुदलाई राखेर देशव्यापी अभियान सञ्चालन गरिने भएको छ । सम्झौता अनुसार देशभर युवा र खेलकुदमा रुचि हुनेलाई प्रोत्साहन गर्ने नीति पनि रहेको सदस्य सचिव कोइरालाले जानकारी दिए । नातावाद एवं राजनीतिकरणले खेलकुदलाई बिगार्ने भएकाले यसलाई स्वतन्त्र रुपमा सञ्चालन हुन दिनुपर्नेमा सम्झौता कार्यक्रमका वक्ताले जोड दिएका थिए । फाउन्डेसन र कार्यक्रमबीच गत वर्ष कोरोनापछि खेलाडीको मानसिक अवस्था कस्तो छ भनी संयुक्त रुपमा अध्ययन गरिएको थियो । युवा र खेलकुद विषयमा सरोकार राख्ने अन्य निकायसँग पनि सहकार्य गर्ने फाउन्डेसनको नीति रहेको जनाइएको छ ।रासस

# प्रदेशको बजेट बनाउँदै कर्मचारी

*‘जनताको धेरै ठूला अपेक्षा त यसपालि मुलुकमा रहेको अर्थतन्त्रको सङ्कटपूर्ण स्थितिका कारण पूरा गर्न सकिँदैन तर अपेक्षित बजेट आउँछ’*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

संघीय सरकारले जेठ १५, प्रदेशले असार १ तथा स्थानीय सरकारले असार २५ गतेभित्र बजेट ल्याई सक्नुपर्ने कानुनी प्रावधान छ। कानुनमा निर्धारित समय तोकिए पनि मधेश प्रदेश सरकारले कहिले बजेट ल्याउछ भने अन्योल छ । जसपा-एमालेसहितको गठबन्धनमा बनेको सरकारबाट डेढ महिना पहिले एमालेको बहिर्गमन भइसकेको छ। मधेश प्रदेश सरकारले पूर्णता पनि पाएको छैन ।




भौतिक पूर्वाधार विकास मन्त्रालयसहित गृह तथा सञ्चार, महिला बालबालिका र कानुन, न्याय तथा प्रदेश मामिला मन्त्रालय मन्त्रीविहीन छ। मन्त्री नहुँदा असार १ मा ल्याउनुपर्ने बजेट बनाउन सरकारलाई मात्रै होइन, कर्मचारीलाई समेत हम्मेहम्मे छ । ‘असार १ मा ल्याउनुपर्ने प्रदेशको बजेटमा योजना तथा कार्यक्रमहरू सार्वजनिक गरिसक्नुपर्ने हो,’ अर्थ मन्त्रालयका प्रदेश सचिव प्रेम प्रसाद भट्टराई भन्छन्, ‘सरकारले पूर्णता नपाउँदा र कर्मचारीको पनि अभाव भएको अवस्थामा कार्यव्यस्तता र कार्यको चाप बढेको छ ।’ उनले कर्मचारीले क्षमताले भ्याएसम्म बजेटको तयारी गरिरहेका बताए ।

सरकारले तोकिएकै समयमा बजेट ल्याउने बताउँदै सचिव भट्टराईले कर्मचारीद्वारा तयार गरिएको बजेट केही दिनपछि आउने मन्त्रीले प्राथमिकतामा राखेर अगाडि बढाउने लक्ष्य लिइएको बताए ।

विभागीय मन्त्रालयहरूलाई बजेटको सिलिङ दिइसकिएकाले समयमै बजेट आउने मधेश प्रदेशका प्रवक्ता तथा अर्थमन्त्री सञ्जयकुमार यादवले बताए । प्रवक्ता यादवका अनुसार केही मन्त्रालयमा मन्त्री नभए पनि कर्मचारीले बजेटको तयारीलाई तीव्रता दिएका छन् । ‘जनताको धेरै ठूला अपेक्षा त यसपालि मुलुकमा रहेको अर्थतन्त्रको सङ्कटपूर्ण स्थितिका कारण पूरा गर्न सकिँदैन तर अपेक्षित बजेट आउँछ,’ उनले भने, ‘तर जे आउँछ नमूना आउँछ । यसपालिदेखि प्रदेशमा राम्रा, उल्लेख्य र नमुना कार्यको सुरुवात हुन्छ ।’

सरकारको नीति कार्यक्रममा राय सुझाव लिने कार्य भइरहेको अर्थमन्त्री यादवले जनाए । उनका अनुसार धेरै विषयलाई प्राथमिकीकरण गरिएको छैन । प्रदेशको साक्षरता दरलाई मध्यनजर गर्दै तथा अत्यावश्यक स्वास्थ्य सेवा र किसानको समस्या अन्त्य गर्न उनीह(रूलाई आत्मनिर्भर बनाएर जीवनस्तर उकास्ने खालको बजेट बनाइने बताए । प्रदेशमा रोजगारी सिर्जनाको प्रयासस्वरुप निजी-सरकारी साझेदारी कन्सेप्टलाई आत्मसात गर्दै लगानी सम्मेलनको पनि तयारी गरिरहेको उनले बताए । अर्थमन्त्री यादवले सरकारले एकसय वटा परियोजना तयारी गरेर सोही लगानी सम्मेलनमार्फत कार्यक्रम सम्झौता गरी सुरुवात गरिने जनाए । स्थानीय उत्पादनमा जोड दिएर प्रदेशलाई आत्मनिर्भर बनाउने प्रयासमा सरकार लागिरहेको अर्थमन्त्री यादवले बताए ।

# उपमेयरलाई पाखा लगाउँदै योजना अनुगमन






**सञ्जय मिश्रा**
**रौतहट ।**

कटहरिया नगरपालिकाका मेयर अजयप्रकाश जैसवाल र उपमेयर रिता देवी यादवबीच मतभेद बढेको छ । मेयर जैसवाल र उपमेयर यादव एउटै पार्टीबाट प्रतिनिधित्व गरे पनि निर्वाचनको केही समयदेखि नै दुवैबीच मतभेद देखिएको हो ।

मेयर जैसवाल काम विशेषले बाहिर जाँदा उपमेयर यादवलाई कार्यबाहक मेयरको जिम्मेवारी दिनुपर्नेमा त्यसो नगरी मर्यादाक्रम मिचेर मनपर्दी गरिरहेको गुनासो बढ्दै गएको छ । कुनै प्राविधिक कारणवश एकपटकको लागि त्यस्तो हुनुलाई संयोग मान्न सकिन्छ । तर कटहरिया नगर प्रमुख जैसवाल पटकपटक बाहिर जाँदा उपमेयर या(दवलाई कार्यबाहक मेयरको जिम्मेवारी दिनुको सट्टा वडाअध्यक्षहरु पालैपालो कार्यबाहक दिइनुले नियतबस नै त्यसो गरिएको पाइएको छ ।

स्थानीय निर्वाचनमा कटहरिया नगरपालिकामा नेपाली कांग्रेसको टिकटबाट चुनाव लडेर मेयर पदमा जैसवाल र उपमेयर पदमा यादव विजयी भएकी थिए । पदभार ग्रहणपछि केही महिना सौहा(र्दपूर्ण तरिकाले नगरपालिका सञ्चालन भए पनि गलत क्रियकलापको विरोध जनाएपछि मर्यादाक्रम मिचेर मेयर जैसवालले अन्यलाई कार्यबाहक दिँदै आएको उपमेयर यादवले गुनासो गरिन् ।

केहीदिन अघिमात्र उनी देश बाहिर जाँदा कटहरिया-५ का वडा अध्यक्ष सर्फलाल गुप्तालाई र त्यसअघि वडा नम्बर ७ का अध्यक्ष समिस विक्रमलाई पटकपटक कार्यबाहक मेयरको जिम्मेवारी दिइएको उपमेयर यादवले जानकारी दिइन् । त्यतिमात्र नभई नगरपालिकाको योजना अनुगमनको अधिकार उपमेयरलाई हुनुपर्नेमा कटौति गरेर मेयर जैसवालले आफैँ योजना अनुगमन गरिरहेको उपमेयर यादवले गुनासो गरिन् । कार्यबाहक र योजना अनुगमनको उपमेयरको अधिकारमाथि प्रहार नगर्न पटकपटक आग्रह गर्दा पनि कुनै वास्ता नगरेको उनको भनाइ छ ।

योजना अनुगमनका नाउँमा कटहरिया नगरपालिकाले छुट्याएको ३० लाख रुपैयाँको लोभले मेयर जैसवालले त्यसो गरिरहेको पाइएको छ ।

# रोल्पाका चार स्थानीय तहको आफ्नै प्रहरी

**रोल्पा ।** विभिन्न चार स्थानीय तहले आफ्नै प्रहरी भर्ना गरेका छन । जिल्लाका रोल्पा नगरपालिका सहित सुनिलस्मृति,रुन्टीगढी र माडी गाउँपालिकाले यस्तो व्यवस्थापन गरेका हुन् ।




रोल्पा नगरपालिकाले तीन महिलासहित १० नगर प्रहरी भर्ना गरेको छ । नगर प्रहरीमा एक प्रहरी हवल्दार रहेका छन् भने नौ प्रहरी जवान छन् । जिल्ला सदरमुकाममा रहेको रोल्पाले ट्राफिक व्यवस्थापन, बजार अनुगमन, पर्यटकीय क्षेत्रमा रहेका संरचनाको सुरक्षालगायतका काममा समेत नगरप्रहरी परिचालन हुने गर्दछन् ।

जिल्लामा सबैभन्दा पहिला आफ्नै प्रहरी भर्ना गर्ने स्थानीय तह रुन्टीगढी गाउँपालिका हो । रुन्टीगढीले एक महिलासहित नौ नगर प्रहरी भर्ना गरेको छ । उसले एक जना प्रमुख नगर प्रहरी र आठ नगर प्रहरी पद सिर्जना गरी भर्ना गरेको हो । नगर प्रहरी सुरक्षा र विकास गतिविधिमा परिचालन हुँदै आएको रुन्टीगढी गाउँपालिकाका अध्यक्ष जनक पुनले जानकारी दिए ।

जिल्लाको माडीले गाउँ प्रहरीको नाम दिएर आफ्नै प्रहरी भर्ना गरेको छ । उसले दुई महिलासहित सात गाउँ प्रहरी भर्ना गरेको हो । गाउँ प्रहरीमा एक प्रहरी सहायक निरीक्षक र छ प्रहरी जवान कार्यरत छन् । त्यसैगरी सुनिलस्मृतिले नगर प्रहरी भर्ना गरेको छ । पाँच नगर प्रहरी भर्ना गरेको सुनिलस्मृति गाउँपीलकाका अध्यक्ष मणिराम बुढाथोकीले जानकारी दिए । ट्राफिक व्यवस्थापन, बजार अनुगमन, शान्ति सुरक्षालाई चुस्त राख्न त नगर प्रहरी परिचालित गरिएको उनले बताए ।

रोल्पा नगरपालिका जिल्ला सदरमुकाममा रहेको छ भने सुनिलस्मृति, रुन्टीगढी र माडी गाउँपालिका नगरोन्मुख गाउँपालिका हुन् ।

स्थानीय तहले भर्ना गरेका प्रहरीलाई सलामी, पिटी परेट, भीड नियन्त्रण, रेक्यु, विपद व्यवस्थान तथा उद्धार र सामान्य हतियार सञ्चालनसम्बन्धी एक महिनासम्मको तालिम सञ्चालन गरिएको थियो । प्रहरीलाई कार्यालय सञ्चालन, ‘चेन अफ कमाण्ड’लगायतका विषयमा समेत तालिम दिइएको थियो । राजस्व सङ्कलन, न्यायिक समितिलाई सहयोग, सरसफाइ, पर्यटन गाइड र कार्यालय सुरक्षाको लागि उनीहरूलाई परिचालन गर्ने सोच स्थानीय तहहरूको भनाइ छ। नगर प्रहरीलाई सञ्चार सेट, खुकुरी र लठ्ठीको सहायताले सुरक्षा दिने व्यवस्था मिलाइएको छ। स्थानीय तहले भर्ना गरेको प्रहरीको खर्च व्यवस्थापन आन्तरिक स्रोतबाट हुँदै आएको छ । रोल्पामा एक नगरपालिकासहित दश स्थानीय तह रहेका छन् ।

# राजस्व उठाउने लक्ष्यमा पुग्न कठिन

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजको सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयको राजस्वमा निकै कमी आएको छ । कार्यालयले दिएको तथ(याङ्कअनुसार यसवर्ष राजश्व संकलनमा ह्वात्तै ह्रास आएको हो ।




कार्यालयले वैशाख महिनामा मात्र ५ अर्ब ८६ करोड ४४ लाख २५ हजार ४ सय ७७ रुपैयाँको लक्ष्य पाएको थियो । तर वैशाख मध्यसम्ममा कार्यालयले १ अर्ब ४७ करोड ६३ हजार ९ सय ६४ रुपैयाँ मात्र सङ्कलन गरेको छ। त्यस्तै, चालु आर्थिक वर्ष २०७९/८० को वैशाखसम्ममा कार्यालयले ५५ अर्ब २९ करोड १० लाख सात हजार ३ सय ४५ रुपैयाँ लक्ष्य पाएकोमा वैशाख १४ गतेसम्ममा ३३ अर्ब ४४ करोड ४६ लाख ६२ हजार २ सय १५ रुपैयाँ मात्र सङ्कलन भएको छ ।यो राजस्व कार्यालयले पाएको लक्ष्यको ६० दशमलव ४९ प्रतिशत मात्र हो ।

चालु आवमा भन्सार कार्यालयले ६६ अर्ब ४३ करोड ८६ लाख ९४ हजार ९ सय १८ रुपैयाँको वार्षिक राजस्व सङ्कलनको लक्ष्य पाएको थियो ।तर वैशाख १४ गतेसम्म सुक्खा बन्दरगाहले वार्षिक लक्ष्यको ४९ दशमलव ५९ प्रतिशत मात्र राजस्व सङ्कलन गर्न सकेको सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रवक्ता सन्तोष न्यौपानेले बताए ।सुक्खा बन्दरगाहले चालु आवमा लक्ष्य उठाउने सम्भावना निकै कम रहेको उनको भनाइ छ । असार मसान्तसम्म लक्ष्यका प्राप्तिका लागि बन्दरगाहले थप ३३ अर्ब ९९ करोड ४० लाख ३२ हजार ७ सय २ रुपैयाँ उठाउनुपर्ने देखिएको छ । तर करिब १० महिनाको समयावधिमा लक्ष्यको आधा मात्र राजश्व संकलन गर्न सकेको कार्यालयले असार मसान्तसम्म लक्ष्य भेट्टाउन नसक्ने सम्भावना बढेको छ ।

# दुर्घटनामा ६ घाइते

**मधेशदृष्टि**
**वीरगंज ।** पर्सा र सप्तरीमा भएको छुट्टाछुट्टै दुर्घटनामा ६ जना घाइते भएका छन् ।

वीरगंजमा टिप्परको ठक्करबाट दुईजना गम्भीर घाइते भएका छन् । म प्र ०३ ००१ ख ७६७९ नम्बरको टिप्परको ठक्करबाट वीरगंज-३० लालपर्सा निवासी ३५ वर्षीया गीतादेवी मली र १८ वर्षीय मिथुन मली घाइते भएका हुन् । सोमबार बिहान वीरगंज-३० लालपर्सा चोकमा बालुवा लोड गरेको टिप्परले ना २७ प ४१५३ नम्बरको मोटरसाइकलमा सवार दुवैलाई ठक्कर दिएको थियो । ठक्करबाट दुवै गम्भीर घाइते भएको प्रहरी चौकी परवानीपुरले जनाएको छ । घाइतेलाई उपचारका लागि नारायणी अस्पतालमा पठाइएको र ठक्कर दिने टिप्पर र चालकलाई नियन्त्रणमा लिइएको प्रहरी चौकी परवानीपुरले जनाएको छ ।

उता, सप्तरीमा छुट्टाछुट्टै स्थानमा सोमबार भएको दुर्घटनामा चारजना घाइते भएका छन् ।मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ का २२ वर्षीय किरण लामा, सोही ठाउँका २३ वर्षीय सूर्य लामा, सप्तरी, शम्भुनाथ नगरपालिका-३ का ५० वर्षीय मनोज चौधरी र हनुमाननगर कंकालिनी-६ की १८ वर्षीया भुवनेश्वरी कुमारी मण्डल घाइते भएको प्रहरीले जनाएको छ ।

शम्भुनाथ नगरपालिका-३ मन्दिर गेटस्थित पूर्व पश्चिम राजमार्गमा पूर्वबाट पश्चिम जाँदैगरेको ना ४ ख ९७९२ नम्बरको ट्रकलाई सोही दिशाबाट जाँदै गरेको स८प ४२८४ नम्बरको मोटरसाइकलले पछाडिबाट ओभरटेक गर्ने क्रममा दुर्घटना हुँदा उनीहरु घाइते भएका हुन् ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन